नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक १९४ ● २०८० साल जेठ १२ गते शुक्रबार ● Friday 26, May 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

## सदनमा मुख्यमन्त्रीको अठोट

## ‘हुन्न बिचौलियाको बजार, चल्दैन चलखेल उद्योग’

## ‘ढुक्क हुनुहोस्, मेरो पालामा बिचौलियाको बजार लाग्ने छैन, चलखेलको उद्योग फस्टाउने छैन।’



**किरण कर्ण**
**जनकपुरधाम।**

नेकपा एमालेले सदन अवरुद्ध गर्दै सशर्त अनुदानलगायत विभिन्न सवालको जवाफ मागेपछि मुख्यमन्त्री सरोजकुमार यादवले सःशर्त अनुदानका सवालमा भएको त्रुटी सच्याइने बताएका छन्।

बिहीबार प्रदेशसभाको बैठकमा जवाफ दिदैं मुख्यमन्त्री यादवले तीन वटा क्षेत्रमा भएको उपनिर्वाचन र मधेश प्रदेश सरकारमा पनि मन्त्रिमण्डल विस्तारलगायतका कामकारबाहीले सःशर्त अनुदानलगायतका विषयवस्तुमा प्रमुख प्रतिपक्षी दल, प्रदेश सभा सदस्यलगायतकासँग समन्वय सहकार्य नहुँदा सःशर्त अनुदान प्रभावित भएको बताए।

उनले आउने नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिने प्रतिवद्धता जनाउँदै उनले प्रदेशसभा सदस्यको सल्लाह सुझावअनुसार कामकारबाही अघि बढ्नेमा विश्वस्तसमेत पारे।

मुख्यमन्त्री यादवले भने, ‘सःशर्त अनुदानतर्फ काम नै गर्न नसक्नुको कारण मुलुकमा भएको तीन वटा क्षेत्रमा उपनिर्वाचनले गर्दा माननीयज्यूहरुसँग जति समन्वय हुनुपर्नेमा त्यति भएन, गर्न सकिएन, मधेश सरकारले पनि आकार पाउँदै गति लिँदैछ, सःशर्त अनुदानका लागि माननीयज्यूहरुसँग समन्वय गर्छौं, अब आउन लागेको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्छौं, खासगरी सःशर्त अनुदानको कार्यविधिलाई पनि माननीयहरुको सल्लाह सुझावअनुसार अघि बढाउनेछौँ।’

उनले मधेश सरकारमातहत रहेका विभिन्न सचिवलाई बोलाएर तत्काल दुरुपयोग भएका सवारीसाधन फिर्ता लिन निर्देशन दिइएको बताए। उनले भने, ‘सरकारी गाडी दुरुपयोगबारे आजै सचिवहरुलाई बोलाएर निर्देशन दिएको छु, तीन दिनभित्रमा अनावश्यकरुपमा भइरहेको सवारीसाधन प्रयोग तत्काल झिकाउन आदेश दिएको छु।’

उनले मधेश प्रदेश सरकारमातहत रहेका कुनै पनि मन्त्रालयमा कुनै किसिमको चलखेल र बिचौलियाको रजगज नहुने बताए। उनले भने, ‘ढुक्क हुनुहोस्, मेरो पालामा बिचौलियाको बजार लाग्ने छैन, चलखेलको उद्योग फस्टाउने छैन।’

त्यस्तै, उनले पूर्वाधार कार्यालय सिरहाका इञ्जिनियरलाई बोलाएर प्रदेशसभा सदस्यको काम काजमा कुनै किसिमको बदमासी नगर्न आदेश दिए। मधेश प्रदेशको प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्षी नेकपा एमालेले प्रदेश सरकार नरहेको भन्दै अवरुद्ध गरिएको सदन करिब एक घण्टा ढिला गरी सुरु भएको थियो।

एमालेले प्रदेशसभाको बैठकमा मुख्यमन्त्री र अर्थमन्त्रीलाई नदेखेपछि सःशर्त अनुदानलगायतका विभिन्न सवालको जवाफ माग्दै सदन अवरुद्ध गरेपछि सभामुख रामचन्द्र मण्डलले दश मिनेटका लागि सदनको बैठक स्थगित गर्दै मुख्यमन्त्रीलाई सदनमा उपस्थिति हुन भनेका थिए।

मधेस प्रदेश अर्थमन्त्रालयले स्थानीय तहलाई वितरण गरेको सःशर्त अनुदानको १ अर्ब २५ करोड रुपैयाँ आफूखुसी वितरण गरेको आरोप प्रतिपक्षी एमालेले लगाएको थियो। प्रत्येक पालिकालाई बराबरी सःशर्त अनुदानको रकम वितरण गर्ने कार्यविधिलाई अवज्ञा गर्दै अर्थमन्त्री संजयकुमार यादवले १० प्रतिशत कमिसन लिएर मनमौजी गरेको प्रदेशसभा सदस्यहरुले बुधबार बसेको प्रदेशसभा बैठकमा उठाएका थिए।

आर्थिक वर्षको अन्त्यतिर विधि-प्रक्रिया नपुऱ्याइ मोटो कमिसन लिएर सःशर्त अनुदानको रकम अर्थ मन्त्रालयले स्थानीय तहलाई दिएको एमालेका संसदीय दलका नेता सरोजकुमार यादवको आरोप लगाएका थिए।

मधेस प्रदेशका अर्थ मन्त्रालयले पालिकाले माग गरेको योजनालाई हटाएर आफूखुसी योजना थपेर सःशर्त अनुदानको रकम पठाएको प्रदेशसभा सदस्य नागेन्द्र साहले आरोप लगाएका थिए।

## विषयगत समिति हेरफेर



प्रदेशसभा बैठकबाट विषयगत समिति हेरफेर गरिएको छ। प्रदेशसभामा प्रमुख प्रतिपक्षी दलका नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादव, प्रमुख सचेतक लखन दास, प्रदेशसभा सदस्य शारदादेवी थापा र प्रदेशसभा सदस्य अनिरुद्रप्रसाद सिंहलाई विषयगत समितिमा हेरफेर गरिएको छ।

सार्वजनिक लेखा समितिमा रहेका नेकपा एमालेका प्रमुख सचेतक लखन दासलाई सार्वजनिक लेखा समितिबाट अर्थ तथा योजना समितिमा, कृषि तथा भूमि व्यवस्थापन समितिमा रहेकी प्रदेशसभा सदस्य शारदा देवी थापालाई सार्वजनिक लेखा समितिमा जिम्मा दिइएको छ। यस्तै, केशव रायलाई प्रदेश मामिला समितिमा, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा प्रदेशसभा सदस्य मोहम्मद जैद आलम, अर्थ तथा योजना समितिमा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादव तोकिएका छन्। प्राकृतिक स्रोत तथा वातावरण समितिमा प्रदेशसभा सदस्य राजकुमार लेखी, कृषि तथा भूमि व्यवस्थापन समितिमा प्रदेशसभा सदस्य शत्रुधन प्रसाद सिंह र महिला, बालबालिका तथा सामाजिक समितिबाट प्रदेशसभा सदस्य अनिरुद्धप्रसाद सिंहलाई सार्वजनिक लेखा समितिमा हेरफेर गरिएको सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा सदस्यलाई सुनाएपछि प्रदेशसभाको बैठकमा उपस्थित रहेका प्रदेशसभा सदस्यहरुले ताली बजाएर अनुमोदन गरेका थिए। प्रदेशसभाको अर्को बैठक जेठ १६ गते मंगलबार दिउँसो १ बजे बस्ने सभामुख मण्डलले जानकारी गराए।

## मोबाइलमा लुडो खेल्दाखेल्दै छोरी भारत पुग्लान् !



**हरिशंकर शर्मा**
**वीरगंज।**

मानव तस्करी रोधी इकाई क्षेत्र मुख्यालय रक्सौलका प्रहरीले एक नेपाली किशोरीको उद्दार गरेको छ। मुख्यालयका प्रहरी निरीक्षक मनोज कुमार शर्माको नेतृत्वमा खटिएको टोलीले भारतीय सीमावर्ती सहर रक्सौलबाट १५ वर्षीया किशोरीलाई उद्दार गरेको हो। मोहम्मद अलि नाम गरेका व्यक्तिले जागिर एवम् विवाहको प्रलोभन देखाइ भारतको उत्तर प्रदेश लैजान लागेको अवस्थामा प्रहरी निरीक्षक शर्माको टोलीले सोधपुछ गर्दा किशोरीलाई बेचबिखनका लागि लैजान लागेको पाइएपछि उद्दार गरेको थियो। एकजना केटाले केटीलाई नेपालबाट भारत लैजान लागेको पाइएपछि शंका लागेर सोधपुछ गर्दा नाबालिकालाई बेचबिखनका लागि लैजान लागिएको पाइएको मानव तस्करी रोधी इकाई क्षेत्र मुख्यालय रक्सौलका प्रहरी निरीक्षक शर्माले जानकारी दिए।

उनका अनुसार, प्रयास जुबेनाइल एड सेन्टर रक्सौलकी आरती कुमारीको सहयोगमा बालिकाको उद्दार गरिएको थियो। सोधपुछक्रममा उत्तर प्रदेशका युवकले अनलाइन लुडो गेममार्फत सम्पर्क भई ह्वाट्सएपमा कुराकानी गर्दै तीन महिनामै आफूसँग भारतको उत्तर प्रदेश जान किशोरीलाई फकाएको पाइएको प्रहरी निरीक्षक शर्माको भनाइ छ। ह्वाट्सएपमा कुराकानीक्रममा युवकले किशोरीलाई आफ्नो नाम राहुल बताइ कुराकानीमा मोहम्मद अली बताएका थिए। त्यसपश्चात भारतको जयपुरमा जागिर लगाइदिने तथा विवाह गर्ने प्रलोभन देखाइ भारत लैजान फकाएका थिए। किशोरीलाई भारत लैजान नेपाल भारत सीमावर्ती सहर रक्सौलसम्म आउन भनेका थिए। रक्सौल आएकी किशोरीलाई लिएर टेम्पोमा चढी जान लागेको अवस्थामा शंका लागेर प्रहरीले रोकी सोधपुछ गर्दा पहिलोपटक भेट भएको र मोबाइलमार्फत कुराकानी हुँदै आएको बताएपछि प्रहरीले किशोरीलाई उद्दार गरी युवकलाई पक्राउ गरेको थियो। किशोरीलाई फकाउन युवकले आफ्नो भाउजुसँग पनि कुराकानी गराएका थिए। कुराकानीक्रममा युवकका भाउजुले केटा राम्रो रहेको र तिमीसँग विवाह गरेर खुशीयाली जीवन विबाउने एवम् जागिरको प्रलोभन दिएपछि किशोरी युवकको जालमा फसेकी थिइन्। प्रहरीले युवकसँग सोधपुछ गर्दा तत्कालका लागि सत्याग्रह एक्सप्रेस ट्रेनबाट गोरखपुर लैजाने योजना रहेको बताएका थिए। गोरखपुरमा केही दिन बसेर त्यसपश्चात कहाँ जाने, त्यही निर्णय गरिने योजना थियो। उत्तर प्रदेशमा लगेर जागिर लगाउने प्रलोभन देखाएको तर विवाह गर्न नभनेको सोधपुछक्रममा युवकले स्वीकारेको प्रहरी निरीक्षक शर्माको भनाइ छ। किशोरीको अभिभावकसँग प्रहरीले कुरा गर्दा आफ्नो छोरी भारत गइरहेको भन्ने थाहा समेत नरहेको पाइएको थियो। अभिभावकसँग कुरा गरेर रक्सौल बोलाई किशोरीलाई अभिभावकको जिम्मा लगाइएको र युवकलाई पक्राउ गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको शर्माले जानकारी दिए।

## लोसपाका कुर्मी वन मन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**

छ दलीय गठबन्धन विना बैठककै नेपाली काँग्रेस र नेकपा एकीकृत समाजवादीबाट बनेका मन्त्रीलाई सपथग्रहण गराएको भन्दै असन्तुष्ट रहेका लोकतान्त्रिक समाजवादी पार्टी नेपाल आज मधेश प्रदेश सरकारमा सहभागी भएको छ।

पर्साको निर्वाचन क्षेत्र नम्बर-२ (ख)बाट निर्वाचित लोसपाका प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीको नेतृत्वमा मधेश सरकारमा सहभागी भएको हो। मुख्यमन्त्री सरोजकुमार यादवले आफैँसँग राखेको वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिदैं नवनियूक्त मन्त्री कुर्मीले सपथग्रहण लिएका छन्। उनले साइत देखाएर साँझको सात बजेर ५ मिनेटमा सपथ लिएका थिए। उनलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले सपथ खुवाएका थिए। सत्तारूढ गठबन्धनको बैठकबाट मधेसमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएसँगै पहिलो चरणमा जसपाले सरकारको नेतृत्व गरिरहेको छ।

यससँगै मधेस प्रदेशमा अब पाँचौपटक मन्त्रिपरिषद् विस्तार भएको छ। यसअघि मंगलबार मुख्यमन्त्री यादवले नेपाली काँग्रेसका मधेश सरकारमा कृष्णप्रसाद यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी र वीरेन्द्रप्रसाद सिंहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिएको छ भने नेकपा एकीकृत समाजवादीबाट गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री नियूक्त भएका छन्।यता नेकपा माओवादी केन्द्र र जनमत पार्टी भने मुख्यमन्त्री यादवको कार्यशैलीबाट असन्तुष्ट रहेको जनाउदैं अन्योलमै छन्। माओवादी केन्द्रले सरकारबाट समर्थन फिर्ता लिएपनि मुख्यमन्त्री यादवले भने माओवादी केन्द्रलाई समेत उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी सुनिता यादवलाई राखेको छ। जनमत पार्टीबाट मन्त्री रहेका वसन्त कुशवाहा र जसपा नेपालकै कोटाबाट मन्त्री रहेकी सुरिता साहलाई पछि मन्त्रालय तोक्ने गरी विनाविभागिय मन्त्री बनाएका छन्। भने दुई जना राज्यमन्त्रीपनि विनाविभागीय छन्।

वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४

यही जेठ १३ गते (शनिवार) गंगालाल अस्पतालका
वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रवि मल्लद्वारा
क्लाथलैब मेशिन सञ्चालन हुने भएको छ।
एन्जियोग्राफी (Angiography), एन्जियोप्लाष्टी (Angioplasty)
गराउन इच्छुक व्यक्तिले
यस अस्पतालमा सम्पर्क गर्न सक्नु हुनेछ।

नेपाल सरकारको
विपन्न
नागरिक र
स्वास्थ्य बीमा सेवा
अन्तर्गत औषधी
उपचारमा
रु. १ लाखसम्म
छुट।

सम्पर्क नं.:
०५१-४११००७
०५१-४१११००



# लक्ष्य भन्दा पौने ८६ अर्ब कम राजस्व संकलन



**मधेशदृष्टि**
**वीरगंज।**
देशकै प्रमुख भन्सार नाकाका रुपमा रहेको एकीकृत भन्सार जाँच चौकी आइसिपी वीरगंजले चालु आर्थिक वर्ष २०७९/८० को १० महिनामा १ खर्ब २८ अर्ब ३९ करोड २८ लाख ४ हजार रुपैयाँ राजस्व असुली गरेको छ।
अर्थमन्त्रालय, भन्सार विभागले आइसिपी भन्सारलाई १० महिनाको अवधिमा २ खर्ब १४ अर्ब १५ करोड ९० लाख ६४ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि आयात निर्यात व्यापार प्रभावित भएसँगै वीरगंज भन्सारको राजस्व असुलीमा गिरावट आएको प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए।
वीरगंज भन्सार कार्यालयले १० महिनामा तोकिएको लक्ष्य भन्दा झण्डै ४० प्रतिशत कम राजस्व असुली भएको छ। तुलनात्मक रुपमा हेर्दा लक्ष्य भन्दा ८५ अर्ब ७६ करोड ६२ लाख ६० हजार रुपैयाँ कम राजस्व असुली भएको र यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने हुँदा अर्थविद्हरु चिन्तित भएका छन्।
चालु आर्थिक वर्षको १० महिनामा वीरगंज नाकाबाट हुने मालवस्तुको आयात निर्यात घट्नुका साथै सवारी साधनको आयात तथा खरिद बिक्री प्रभावित भएसँगै यसको असर राजस्व असुलीमा परेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए।
यसैगरी, वीरगंज भन्सार कार्यालयले भन्सार राजस्वतर्फ ४५ अर्ब ४२ करोड ६६ लाख ४८ हजार राजस्व असुली गरेको छ भने मूल्य अभिवृद्धि करतर्फ ५७ अर्ब ९६ करोड ७७ लाख १७ हजार रुपैयाँ राजस्व असुली भएको छ। त्यसैगरी अन्तशुल्कतर्फ ८ अर्ब १३ करोड १७ लाख ८८ हजार रुपैयाँ असुली गरेको प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडालले बताए।
त्यसैगरी वीरगंज भन्सार कार्यालयले पूर्वाधार करतर्फ ११ अर्ब २० करोड ६३ लाख ५६ हजार रुपैयाँ राजस्व उठाएको छ भने कृषि सुधार शुल्कतर्फ १ अर्ब ३२ करोड ८४ लाख ७८ हजार रुपैयाँ असुली गरेको छ।
यसैगरी, वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुरतर्फ २ अर्ब ८८ करोड ४१ लाख ५५ हजार रुपैयाँ राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा १ अर्ब ११ करोड ६६ लाख ५० हजार रुपैयाँ राजस्व असुल गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ।

# दुर्घटनामा महिलाको मृत्यु



**मधेशदृष्टि**
**बारा।**
मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु भएको छ।
मोटरसाइकलको ठक्करबाट कलैया उपमहानगरपालिका वडा नम्बर २३ की ६४ वर्षीया देउकी साहको मृत्यु भएको हो। प्रहरीका अनुसार, कलैयास्थित वडा नम्बर ६ मा गुप्ता पेट्रोल पम्पबाट पर्सा टोलतर्फ आउँदै गरेको वा ८५ प ७६०९ नम्बरको मोटरसाइकलले पैदलयात्री साहलाई ठक्कर दिँदा उनी घाइते भएकी थिइन्। साहको थप उपचारका लागि काठमाडौँ लैजाने क्रममा बाटोमै मृत्यु भएको बाराका प्रहरी प्रवक्ता एवम् डिएसपी पुरुषोत्तम पाण्डेले जानकारी दिए। दुर्घटनामा घाइते मोटरसाइकल चालक पर्साटोलका १८ वर्षीय अफरोज मन्सुरीको एलएस न्युरो परवानीपुरमा उपचार भइरहेको पाण्डेले बताए।

# अनलाइन सट्टेबाजहरु समातिए



**मधेशदृष्टि**
**वीरगंज।**
भारतमा जारी आइपिएल क्रिकेटको



अनलाइन मार्फतसट्टेबाजी गर्ने ४ जनालाई पर्सा प्रहरीले ४ लाख भन्दा बढी नगद रुपैयाँसहित रंगेहात पक्राउ गरेको छ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १५ स्थित संजय श्रीवास्तवको घरमा छापामारी बुधवार भएको आइपिएल क्रिकेट अन्तर्गतको मुम्बई र लखनउबीचको खेलमा अनलाइनमार्फत सट्टेबाजी गरिरहेको टोलीले पक्राउ गरेको हो।
प्रहरीले सट्टेबाजीमा प्रयोग भएका मोबाइल, ल्यापटप तथा नेपाली ३ लाख ९० हजार ५ सय रुपैयाँ, भारतीय १५ हजार ७ सय ५० रुपैयाँ, खेल हेर्न प्रयोग भएको ३२ इन्चको टेलिभिजन सेटसहित बारा, कलैयाका ३१ वर्षीय सरोज साह, सर्लाही रामनगरका ३५ वर्षीय सन्तोष यादव, वीरगंज महानगरपालिका वडा नम्बर २४ का ३४ वर्षीय धरेन्द्र प्रसाद यादव र भारत उत्तर प्रदेश गोरखपुरका ५२ वर्षीय मुन्ना भनिने धर्मनाथ प्रसाद जयसवाललाई रंगेहात पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दीपक गिरीले जानकारी दिए।
अभियुक्तहरुलाई अनलाइन सट्टेबाजीसम्बन्धी कसुरमा बिहिबार जिल्ला प्रशासन कार्यालय पर्साबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको गिरीले बताए।

# होटल सञ्चालकसहित किशोरी र ग्राहक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको बाइपास रोडस्थित माइदिया पोखरी नजिकै रहेको होटल लक्ष्मी एन्ड पार्टी प्यालेसमा बिहिबार साँझ छापामारी ५ किशोरी, होटलका सञ्चालकसहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।
होटल लक्ष्मी एण्ड पार्टी प्यालेसमा अवैध क्रियाकलाप भइरहेको सूचना प्राप्त भएसँगै वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको गस्ती टोलीले होटलमा पुगी छापा मारेको थियो। सो क्रममा ५ युवतीसँगै ४ भारतीय युवा आपत्तिजनक अवस्थामा भेटिएपछि होटलका सञ्चालकसहित १० जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको र अभियुक्तलाई वडा प्रहरी कार्यालय श्रीपुरको हिरासतमा राखिएको छ।

# हाकिमको किर्ते गर्ने कर्मचारी पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नक्कली हस्ताक्षर गरेर पेस्की फर्स्योट गर्न खोज्ने एक कर्मचारी पक्राउ परेका छन्।
हाकिमको नक्कली हस्ताक्षर गरी पेस्की फर्स्योट गर्ने प्रयास गरेका गरुडा नगरपालिकाका पोषण स्वयम्सेवक पदमा कार्यरत रामनारायण साहनीलाई जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले बिहिबार पक्राउ गरेको हो।
नगरपालिका कार्यालयमा पोषणसम्बन्धी शाखाका कर्मचारी सहनीले कार्यालय प्रमुख भूदेव झाको नक्कली हस्ताक्षर गरेको फेला परेपछि जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले उनलाई पक्राउ गरेको हो। पोषणसम्बन्धी एउटा गोश्वारा भौचरमा सहनीले नक्कली हस्ताक्षर गरी फर्स्योट गरेको फेला परेको गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद जयसवालले बताए।
पाँच लाख रुपैयाँको गोश्वारा भौचरमा सहनीले कार्यालय प्रमुख भूदेव झाको नक्कली हस्ताक्षर गरी फर्स्योट गरेको फेला परेपछि कार्यालय प्रमुख भूदेव झाले प्रहरीलाई खबर गरेका थिए।
सहनीलाई प्रहरीले पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यसअघि पनि सहनीले किर्ते गरेको हुन सक्ने र किर्तेमा अन्य कर्मचारीको पनि संलग्नता हुन सक्ने सम्भावना रहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सहनीलाई इलाका प्रहरी कार्यालय गरुडामा राखेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# गोली हानेर ७५ वर्षीय वृद्धको हत्या



**मधेशदृष्टि**
**रौतहट।**
देवाही गोनाही नगरपालिका वडा नम्बर १ स्थित करूनिया गाउँका ७५ वर्षीय शेख तैयबको अज्ञात समूहले गोली हानी हत्या गरेको छ। उनको टाउकोमा गोली लागेको प्रत्यक्षदर्शीले बताएका छन्।
इलाका प्रहरी कार्यालय गोनाहीका प्रहरी निरीक्षक गोबिन्द साहले मृतक शेख तैयवको टाउकोमा गम्भीर चोट देखिएको बताए।
उनको शव पोष्टमार्टमका लागि पठाइएको र रिपोर्ट आएपछि गोली लागेको वा अन्य हतियार प्रयोग भएको भन्नेबारे खुल्ने जानकारी दिए।
देवाही गोनाही-१ करूनियाबाट लक्ष्मिनिया जाने बाटो छेउमा बिहिबार बिहान उनको शव फेला परेको प्रहरी निरीक्षक साहले बताए।
तैयबको बिहिबार राति नै कसैले हत्या गरेको हुनसक्ने प्रहरीको अनुमान छ।
बिहिबार बिहान स्थानीयले खबर गरेलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको साहले बताए। मृतकको शव पोस्टमार्टमको लागि जिल्ला अस्पताल गौर पठाइएको छ।

# बिजक भन्दा बढी सामान भएको ट्रक बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले बिल बिजक भन्दा बढी औषधी, हार्डवेयर तथा खुद्रा समान लोडरहेको ट्रक वीरगंजको बाइपासस्थित नगवा सडक खण्डबाट पक्राउ गरेको छ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवास्थित सडकखण्डमा ना ७ ख ७६७६ नम्बरको मालबाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा सर्लाही ढुवानी ट्रान्सपोर्टबाट पठाइएको ट्रकमा बिल बिजक भन्दा बढी औषधी, हार्डवेयर तथा खुद्रा समान लोड रहेको भेटिएपछि ट्रकसहित सामानको ३२ लाख ३७ हजार ७ सय ३९ रुपैयाँ मूल्यांकन गरी थप कारबाहीका लागि बिहिबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दिपक गिरीले बताए।

# महिनामा पाँचसय १० सवारी दुर्घटना

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेशमा वैशाख महिनामा पाँच सय १० सवारी दुर्घटना भएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले दिएको जानकारीअनुसार प्रदेशका आठ जिल्लामा सवारी दुर्घटना भएका हुन्।
दुर्घटनामा ३७ जनाको मृत्यु भएको छ भने ९ सय ४६ घाइते भएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक प्रवीण पोखरेलले जानकारी दिए।
उनका अनुसार सवारी दुर्घटनामा ज्यान गुमाउनेमध्ये २७ पुरुष, चार महिला, चार बालिका र दुई बालक छन्। यस्तै, दुर्घटनामा घाइते भएका ९ सय ४६ जनामध्ये ६ सय ४ जना पुरुष, २ सय ९ महिला, ८२ बालक र ५१ बालिका छन्। एक महिनाका अवधिमा प्रहरीले ३६ दुर्घटनामा मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया अघि बढाएको वरिष्ठ प्रहरी उपरीक्षक पोखरेलले बताए। एक महिनाको अवधिमा ३२ हजार २ सय ६ सवारी साधनलाई कारबाही गरेर प्रदेश प्रहरीले २ करोड ४८ लाख ८५ हजार ५ सय रुपैयाँ जरिवानासमेत असुल गरेको छ।
यसैगरी, वैशाखमा मधेश प्रदेशमा विपद्सम्बन्धी २ सय ९१ घटना भएका छन्। विपद्सम्बन्धी घटनामा ३६ नागरिक र ९ चौपायाको मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ। विपद्सम्बन्धी घटनामा परी ७६ लाख ७० हजार ५ सय रुपैयाँबराबरको क्षति भएको छ।

# क्याम्पसलाई १४ कठ्ठा जग्गा दान



**मधेशदृष्टि**
**बारा।**
महागढीमाई नगरपालिका-१ स्थित गढीमाई बहुमुखी क्याम्पसका लागि विभिन्न दाताले ५६ लाख रुपैयाँ बराबरको १४ कठ्ठा जग्गा दान गरेका छन्। केही महिनाअघि मात्र क्याम्पसको आयोजनामा श्रीमद् भागवत तथा गढीमाई महोत्सवमा क्याम्पस निर्माण गर्न जग्गा दान गर्ने भनेर प्रतिबद्धता जाहेर गरेबमोजिम बुधबार मालपोत कार्यालयमा महागढीमाई नगरपालिका वडा नम्बर १ का नागेन्द्र प्रसाद चौधरीले कित्ता नम्बर ५ सय ३७ को १० कठ्ठा जग्गा गढीमाई बहुमुखी क्याम्पसको नाममा रजिष्ट्रेसन पास गरी त्यसको लालपुर्जा क्याम्पसका अध्यक्ष विजय कुमार स्वर्णकार र क्याम्पस प्रमुख धर्मेन्द्र प्रसाद यादवलाई संयुक्त रुपमा प्रदान गरे।
त्यसैगरी महागढीमाई नगरपालिका वडा नम्बर १ कै पन्नालाल प्रसाद, प्रेम प्रसाद, सुमित्रा देवी र नरेश प्रसाद जयसवालले १-१ कठ्ठा जग्गा क्याम्पसको नाममा दर्ता गरेको क्याम्पस सञ्चालक समितिका सदस्य अमित चौधरीले जानकारी दिए। महायज्ञबाट सङ्कलन भएको रुपैयाँबाट ४ कठ्ठा जग्गा सञ्चालक समितिले ४ लाख रुपैयाँका दरले खरिद गरेको क्याम्पसका लेखापाल जयकिशोर प्रसाद यादवले बताए।
विधिवत् रुपमा गढीमाईको ऐतिहासिक भूमिमा क्याम्पस निर्माणको प्रक्रिया सुरु हुँदा यस पुनीत कार्यका लागि महायज्ञमा नगद रुपैयाँ वा जग्गा दान गर्न प्रतिबद्धता गरेका सबैलाई नगद वा जग्गा प्रदान गरिदिन सञ्चालक समितिका अध्यक्ष स्वर्णकारले आग्रह समेत गरेका छन्।

# छात्राबासको व्यवस्थाले पढाइ सहज

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर ३ को कार्यालयले शिकारीबासका विद्यार्थीका लागि छात्राबास व्यवस्था गरेको छ। हुलाकी सडकदेखि करिब छ किलोमिटर जङ्गलभित्र रहेको बस्तीका कक्षा ६ देखि ८ सम्मका २२ छात्रछात्राका लागि छात्राबास व्यवस्था गरिएको वडा नम्बर ३ का अध्यक्ष शम्भु खड्काले जानकारी दिए। छात्राबास वडास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ओडारमा मिलाइएको वडाध्यक्ष खड्काले बताए। उनले छात्राबासमा खाद्यान्न सामग्री, खाना पकाउने ग्यास, भाँडा, तेल, साबुनको खर्च वडा कार्यालयले बेहोर्ने बताए।
शिकारीबासबाट विद्यालय टाढा रहेकाले आवागमनमा जङ्गली जनावरको जोखिम रहेकाले छात्राबासका साथै निःशुल्क ट्युसनको व्यवस्था गरिएको वडाध्यक्ष खड्काले बताए।
ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले गुणस्तरीय शिक्षाका लागि पालिका लागिपरेको बताए। शिक्षार्जनबाट एकजना बालबालिका पनि वञ्चित नहुने तथा विद्यालय उमेरका बालबालिकाले विद्यालय नछोड्ने योजना कार्यान्वयन गरिने अध्यक्ष श्रेष्ठले बताए। विद्यालयका शैक्षिक स्तर बढाउन प्रभावकारी नीति ल्याइने र विद्यालयका वातावरण पूर्णरूपमा व्यवस्थापन गर्ने अध्यक्ष श्रेष्ठले बताए।

# शिक्षकको आन्दोलन फिर्ता

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल शिक्षक महासंघले आन्दोलन फिर्ता लिएको छ। शिक्षकको आन्दोलन फिर्तासँगै विद्यालयमा पठनपाठन सुरु हुने भएको छ। बिहिबार वीरगंज महानगरपालिका र शिक्षक महासंघबीच भएको वार्तामा महासंघले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएर पठन पाठन सुरु गर्ने सहमति गरेको हो।
वार्तामा महानगरले सरुवा गरेको विद्यालयमै शिक्षक हाजिर हुने सहमति भएको छ।
त्यस्तै सहमतिमा प्रत्येक महिना प्रधानाध्यापकसँग बैठक बस्ने र तोकिएबमोजिमको बैठक भत्ता उपलब्ध गराउने, विद्यालयलाई शान्ति क्षेत्र कायम गर्न आचार संहिता लागु गर्ने, महानगरका शिक्षासम्बन्धी समितिमा शिक्षक महासंघको प्रतिनिधिलाई सहभागी गराउने, दरबन्दी मिलान गरी नपुग विषयगत शिक्षक र कर्मचारीको व्यवस्थापन गर्ने र शिक्षक कर्मचारीको सरुवा गर्न सुझाव दल गठन गरी सुझाव लिने उल्लेख छ।वार्तामा महानगरका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण र शिक्षा अधिकृत हरि राउत सहभागी थिए भने आन्दोलनरत शिक्षकका तर्फबाट शिक्षक महासंघका महानगर अध्यक्ष एवम् वार्ता टोली संयोजक विनोद मेहताको नेतृत्वमा शिक्षक संघ पर्साका अध्यक्ष प्रदीप जयसवाल, समाजवादी शिक्षक फोरमका अध्यक्ष हरेन्द्र चौरसिया, एकीकृत अखिल नेपाल शिक्षक संघका अध्यक्ष रामेश्वर पटेल र नेपाल राष्ट्रिय शिक्षक संगठनका सचिव रेयाज आलमको सहभागिता थियो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला,मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ। सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला। ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान।

जिन्दगी आफ्नै लागि खोजीमा होइन
नयाँ सिर्जनामा व्यतित हुनुपर्छ।
- जर्ज बर्नार्ड शा

## सम्पादकीय

# चुरेप्रति संवेदनशील बनौं

चुरे मधेशको मुटु हो। चुरे बिना मधेश मरुभूमि बन्ने पक्कापक्की रहे पनि यसलाई जानिबुझी बुझ पचाउनेको कमी छैन। वन कार्यालयका हाकिमदेखि पियनसम्म र सम्बन्धित संघ होस् या प्रदेश मन्त्रालय निष्ठावान नभइदिएपछि चुरे विनाशको बाटोमा छ। एकातिर भूमाफियाको बिगबिगी कायम छ भने अर्कोतिर वन मास्ने पात्रहरु अर्थात् काठ माफियाहरुका कारण पनि वन विनाशक्रममा छ। त्यसैगरी गर्मी महिनामा लाग्ने आगलागीले पनि वन विनाशतर्फ अग्रसर हुँदै गएको छ तर पनि कसैलाई मतलब छैन। संघीयता आएसँगै देशमा तीनवटा सरकारको निर्माण भए तर लुटिखानुशिवाय अहिलेसम्म केही गर्न सकेको छैन। चुरे विनाशक्रम रोक्न जनकपुरधाममै मधेश प्रदेशलाई झक्झकाउन चुरे तथा वनजंगल संरक्षण अभियानका अभियानीले वर्षौंदेखि आन्दोलन गर्दै आएको छ तर पनि मधेश सरकारलाई कुनै चासो भएको छैन।

मधेश सरकारले नसुनेपछि चुरे अभियानी देशको राजधानीमा आन्दोलन गर्ने तयारीस्वरुप पैदल यात्रामा छन्। सिरहामा डिभिजन कार्यालयले वन विनाश गरे। रौतहट र बारामा वनको जग्गा भूमाफियाको जिम्मा लगाइँदैछ भने अर्कातर्फ अन्तर्राष्ट्रिय एयरपोर्ट बनाउन निजगढ वनलाई समाप्त पार्ने षड्यन्त्र गरिँदैछ। यसबाट विकास नभई विनाश निश्चित छ। चुरेमा विनाश लीला बढ्दैछ। चुरिया क्षेत्रमा वनजंगल घट्दै गइरहेको छ। सन् १९८६ मा ल्यान्ड रिसोर्स म्यापिङ प्रोजेक्टले सार्वजनिक गरेको रिपोर्टअनुसार चुरेमा १४ लाख ५० हजार ५ सय ४१ हेक्टर वन क्षेत्र थियो। सन् २०१० मा फरेस्ट रिर्सोस सर्भेको प्रतिवेदनले चुरियाको क्षेत्र घटेर १३ लाख ७३ हजार ७ सय ४३ हेक्टरमा सीमित भएको देखाउँछ। त्यसयता अध्ययन भएको रिपोर्ट हात परेको छैन। तर, चुरेका वन घट्दो क्रममा रहेको सत्य हो।

जलको मुहान हराइरहेको छ। बाढीले जमिन बगाइरहेको छ। जंगल मासिने क्रम बढेको छ। वनबाट जीवजन्तु गाउँ पसेको छ। अब स्थानीय कहाँ जाने ? दैनिक बाघ, चितुवाले मान्छेको ज्यान लिइरहेको खबर आइरहेका छन्। दुर्भाग्य, राजनीतिक दल र नेताकै संरक्षणमै चुरेमा अहिले क्रसर डनको बिगबिगी छ, उनीहरूबाटै चुरे असुरक्षित छ। स्थानीय सरकारले खोला ठेक्का लगाउँछन्। सेटिङ मिलाएर चुरे क्षेत्रका खोला दोहन गरिन्छ। यहाँ मापदण्डविपरीत क्रसर सञ्चालनमा छन्। उनीहरूको उत्खनन् रोकिने छाँट छैन। त्यस्ता क्रसर उद्योगलाई न कानुनले छोएको छ, न त प्रहरी-प्रशासनले नै ध्यान दिएको छ। जनकपुरधामकै कुरा गर्ने हो भने बढ्दो चुरे विनाशका कारण खानेपानीका लागि ह्यान्डपम्प गाड्दा अहिले साढे चारसय फिट सम्मबाट पानी तान्नुपर्ने अवस्था छ जबकि दशवर्ष पहिले साढे दुईसय फिटमै पानी पाइन्थ्यो। मधेशमा पहिलेको तुलनामा अहिले गर्मी पनि बढ्दै गएको छ। यसबाट पनि मधेशवासीले सिक्नुपर्ने समय आइसकेको छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# निर्जीव कागजमै कैद पुरुष अधिकार !



• ज्योति झा

> यहाँ सबै भन्छन् कि महिला मात्र पीडित हुन्छन्। तर, एउटा पुरुषको मनभित्र कति पीडा हुन्छ भन्ने कुरा कसले बुझ्ने ? मलाई अचम्म लाग्छ। जागिरे, पढेलेखेका केटाले बेरोजगार, आफूभन्दा कम हैसियतको केटिलाई यदि आफ्नो श्रीमती बनाउन तयार हुन सक्छन् भने एउटी पढेलेखेकी केटीले बेरोजगार, कम पढेको, सामान्य जागिरे (दुई छाक टार्न सक्ने हैसियत भएको) केटालाई आफ्नो जीवनसाथी बनाउने हिम्मत किन राख्दैनन् ?



प्रकृतिको सबभन्दा ठुलो उपहार हो मानव जीवन र त्यो जीवनमा पनि ठूलै वरदान हुन् महिला र पुरुष। महिला पुरुष एकअर्काका परिपुरक हुन्। एक बिना अर्काको अस्तित्व कल्पना पनि गर्न सकिँदैन। पुरुषको मन कठोर र महिला दया एवम् करुणाकी खानी भनेर हामी बुझ्छौं। पुरुष बाहिरको जिम्मेवारी पुरा गर्छन भने महिलाले घरको जिम्मेवारी वहन गर्छिन्। एकले वस्तु जोडेर ल्याउँछ भने अर्कोले त्यस वस्तुको उचित समय परिस्थिति अनुसार उपयोग गर्छ। तर, अहिले पुरुष होस् वा महिला दुवै घरदेखि बाहिरको संसारमा आ-आफ्नो ठाउँमा अब्बल छन्। दुबैले घरदेखि बाहिरसम्म सबैथोक गर्छन् र गरिरहेका पनि छन्।

बदलिँदो युगमा सोच, विचार, पहिरन अधिकार, संस्कार सबैमा निकै बदलाव आइसकेको छ। तर, आज पनि एउटा कुरा यथावत नै छ। त्यो हो पुरुषको तुलनामा महिलालाई सम्मान र प्रेम। बुबाको तुलनामा छोराछोरी आमालाई बढी माया गर्छिन्, बुबा आमालाई छोराभन्दा अलि बढी छोरीको माया लाग्छ। पहिला पनि र अहिले पनि कसैको घरमा छोरी हुँदा लक्ष्मी भयो भनेर हामी भन्छौं त्यस पछाडिको सुख दुःख आफ्नो ठाउँमा छ। तर, छोरा हुँदा छोरा भयो भन्छौं। प्रायःको घरमा सम्पत्ती भने महिलाकै नाममा हुन्छ। चाहे त्यो आमा होस् वा स्वास्नी।

समय बदि्लयो, मान्छेको सोच बदि्लयो तर, हिंसा भने यथावत नै छ। कहिं महिला हिंसाको शिकार हुन्छन् त कहिं पुरुष बलात्कृत। तपाईं पक्कै सोच्न थाल्नुभएको होला कि बलात्कार त महिलाको हुन्छ। बलात्कृत महिला हुन्छिन्। हो बलात्कृत महिला हुन्छिन् किनभने उनको शरीरको बलात्कार हुन्छ। तर, पुरुषको मन र आत्माको बलात्कार हुन्छ। जुन चाहेर पनि उसले भन्न सकिरहेको हुँदैन।

कतिलाई अचम्म लाग्न सक्छ। यो पुरुष प्रधान देशमा पनि पुरुष हिंसा। म त भन्छु अहिले महिलाभन्दा पुरुष हिंसा बढि छ। तर, लुकेको छ। र, केहि सहन नसकेर बाहिरिएको पनि छ। धनुषामा मात्रै पछिल्लो समय १७ वटा पुरुष हिंसाका उजुरीहरु परेको तथ्यांक छ।



हिंसाको कुरा आउने बितिकै हाम्रो दिमागमा महिला हिँसा मात्र आउँछ। पीडित महिला र पीडक पुरूष नै हुन्छन् भन्ने कुरा सोच्न हामी रत्तिभर पनि समय लगाउँदैनौं। तर, वास्तवमा महिला मात्र नभई पुरूष पनि हिंसाका सिकार हुन्छन्।

पुरुषलाई डर हुन्छ कि यदी मैले कसैसँग आफ्नो पीडा शेयर गरें भने ममाथि सबै हाँस्छन्। समाज, परिवार साथीभाइको बिचमा मजाक बन्छु म। यही संकोच र डरका कारण चुपचाप सबैथोक सहेर बस्न बाध्य हुन्छन् पुरुष।

विदेशिएका पुरूष सधैं ५० डिग्रीको तापक्रममा उसिनेर घरमा पैसा पठाएकै छन्। आफू नुनरोटी खाएर पनि परिवारका लागि आफ्नो व्यक्तिगत इच्छा र सपनालाई धेरैले मनभित्रै दवाएका छन्। आज प्रायः मानिसका पक्की घर छन्। तर, त्यो घर बनाउन एउटा पुरूष कति मेहनत र खुन पसिना बगाएका हुन्छन् त्यो भने कसैले हेर्दैनन्। विडम्बना त के भने महिलामाथि हुने हिंसा सुनिदिने थुप्रा निकायहरू पनि छन्। तर, पुरुषको विषयमा नत खुलेर पुरुष आउँछन्, नत कुनै संघ संस्था नै छन्।

हाम्रो देशमा हिंसा जहिले पनि पुरुषले महिलामाथि मात्र गर्छन् भन्ने मानसिकता छ। महिला गल्ति गर्दैनन्, महिला सुल्झेको, समझदार प्राणी हो भन्ने आम बुझाइ छ। तर, हेप्ने होच्याउने ठाउँ आयो भने महिलाले पनि बाँकी राख्दैनन्। प्रेमको नाममा पनि कति पुरुष पीडित छन्। प्रेम गर्ने बहानामा स्वार्थ लुट्नेको कमि छैन। मन मिलेसम्म प्रेम, नमिलेपछि बलात्कार, त्यसपछि जेल, क्षतिपूर्ति। यस्ता कतियौं उदाहरण त हाम्रै आँखा अगाडि छन्। अहिले महिला भन्दा पुरूष बढी त्रासमा छन्। उनीहरूलाई डर लाग्छ कि कसैले फसाइदेलान। किनभने कुनै पुरुषलाई यौन हिंसाको आरोप लग्नासाथ उसलाई अपराधी ठहराइन्छ। उसमाथि कडाभन्दा कडा कारवाहीको माग उठ्छ। चर्चा व्यापक हुन्छ।

एकजना सुमन(नाम परिवर्तन)ले भने, 'म गाउँको बासी। म मेरा परिवारसहित गाउँमै बस्थे। म भारतमा काम गर्छु। मैले सकेजति आफ्नो जिम्मेवारी निर्वाह गरेकै थिए। तर, पनि म गाउँ आउँदा मेरो बुढी मसँग झगडा गर्थिन। तेरो आमा बुवासँग बस्नु छैन्। अल्लगै सहरमा बस्छु भनेर दिनहुँ झगडा गर्थिन। एक त एक्लै सबैसँग टाढा भारतमा बस्थें। कहिलेकाँही आउँदा घरमा किचकिच, अशान्ति, झगडा हुन्थ्यो। विवश भएर स्वास्नी र बच्चासहित जनकपुर आएँ। कोठा भाडा लिएर परिवारलाई राखें। सबै जोडजाम गरेर फेरि भारत फर्कें। सुरुमा सवै ठिक थियो। म जति कमाउँथे स्वास्नीलाई पठाउँथे। आफूसँग पकेटमनिको रुपमा एक हजार रुपैयाँ मात्र राख्थे। सबै ठीकठाक चलिरहेको थियो। उसले पछि म पनि काम गर्छु भनेर जिद्दी गर्न थालिन्। मेरो मञ्जुरी थिएन तर उसको जिद्द अगाडि म फेरि नतमस्तक भए। उनी कुनै स्कूलको रिसेप्सनमा बस्थिन्। विस्तारै उसको धेरै जनासँग चिनजान बढ्न थाल्यो। उसको व्यवहार पनि बदि्लयो। म कहिलेकाँही मात्र आउँथे। एक हप्ता जति बस्थे। तर, उसको व्यवहारले म छक्क पर्थे। उ राति राति आउँथि, प्रायः सधैं होटलबाटै खाना खाएर नै आउने उसको बानी नै भइसक्यो। म उसँग प्रश्न गर्दा सधैं मसँग उल्टै झगडा गर्थिन्। के मैले प्रश्न गर्न पनि नमिल्ने ? मेरा बच्चाहरूलाई पनि उसले मविरुद्ध उक्साउन थालिन्। अहिले मेरी स्वास्नी मसँग सम्बन्धविच्छेदको माग गरिरहेकी छन्। र, किन नहोस् अहिले पैसा र पावर सबै उसँग नै छ। सबैसँग उसको निकै चिनजान छ। मैले केहि वर्ष मात्र आमाबुवाको लागि त्यसपछि जे कमाए सबै स्वास्नीमाथि नै लुटाए। तर, आज म केहि छुइन्। न त आमाबुवाको नजरमा राम्रो सन्तान बन्न पाएँ। र, जसको लागि सबैथोक छाडेर जनकपुरधाम आए। आज उसको नजरमा पनि म मान्छे नै होइन्।'

त्यस्तै एकजना पंकज (नाम परिवर्तन)ले भने, 'म पढाइ लेखाइमा अब्बल थिएँ। मेरो जिवनको लक्ष्य भनेकै चिकित्सक बनेर समाजको सेवा गर्ने मात्र थियो। तर, सोहीक्रममा कसैसँग माया बसेर मेरो जीवनको उल्टो दिन सुरु भयो। हाम्रो प्रेम सम्बन्ध तिन वर्षको थियो। सबथोक ठिकठिकै चलिरहेको थियो। म प्रायः अस्पतालमा व्यस्त हुन्थे। त्यसकारण हाम्रो झगडा पनि हुन्थ्यो। उनले ममाथि बिबाहको दबाब बनाउन थालिन्। तर, यता म भने केहि दिन बिबाह गर्न चाहिरहेको थिएन। मैले आफ्नो क्यारियर बनाएर बिबाह गर्छु भन्ने कुराको उसलाई वाचा गरेकै थिएँ। तर, उनले मानिनन्। उसले इन्गेजमेन्ट गरौं बिबाह पछि गरौंला भनेर प्रस्ताव राखिन्। मैले पनि हामी इन्गेजमेन्ट गर्यौं भने ऊ खुशि हुन्छे भनेर लाग्यो। मलाई मेरो काममा बाधा आउँदैन। हामी पछि बिहे गरौंला भनेर पहिला इन्गेजमेन्ट गर्यौं। हाम्रो इन्गेजमेन्ट भयो। तर, केही दिनमै उनले फेरि बिहेको दबाब दिन थालिन्। पछि हाम्रो बिहे पनि भयो। तर, बिडम्बना उसले आफ्नो जिद्दको अगाडि न मलाई पहिला बुझिन नत बिबाह पछाडि नै। मलाई लाग्यो सायद ऊ बदलिन्छ। मलाई बुझ्छ। तर, मैले सोचेको भन्दा ठिक उल्टो भयो। उनी आफैं नबदलेपनि मेरो जिवन भने बदलिदिइन्।'

'हाम्रो बिहेपश्चात् सम्बन्धमा झन समस्या बढ्न थाल्यो। उसलाई थाहा थियो म चिकित्सक छु, 'पंकजले भने, 'मेरो पेसामा न दिन हुन्छ न रात। र, यो कुरा उसलाई पहिला देखि नै थाहा थियो कि मसँग समयको अभाव हुन्छ। म थाकेर कामबाट घर फर्किन्थे। अस्पतालमा बिरामी जाँच गर्दा मन विचलित हुन्थ्यो। मेरो त दिनरात काम एउटौ थियो। बिरामीकै बिचमा समय बित्थ्यो। घर आएर आराम गर्ने।घरमा पत्नीको माया, प्रेम, स्नेह र मिठो बोलीको अपेक्षा सबैलाई हुन्छ। मेरो पनि थियो। तर, म घर आउनेबित्तिकै उनको गालिगलौजबाहेक मैले अन्य केही पाइन। झगडाको क्रममा मैले उनीमाथि हाथ उठाएको हो भने उसले पनि मलाई छाडेको होइन। अनि दोषी म मात्र कसरी ? मैले अथवा मेरो परिवारका अन्य सदस्यले चोरी त पक्कै गरेका छैनौं। केटिलाई बिहे गर्न मजबुर पनि मैले गरेको छैन्। हामी बराबरीको कुरा गर्छौं।

तर, मसँग विभेद भएको छ। मेरो मान, सम्मान, प्रतिष्ठा र नोकरी सबै गुम्यो। म मात्र अपराधी ? तर, उनी महिला भएका कारण उनलाई सबै माफ ?'

हाम्रो समाजमा लोग्नेको सम्पत्तिमा स्वास्नीको सतह अधिकार आफैं हुन जान्छ। तर, स्वास्नीको सम्पत्तिमा लोग्नेको कुनै अधिकार हुँदैन। अचम्मको कुरा। यो कस्तो बराबरीको अधिकार ?

छोराछोरीलाई आमाबुबाको सम्पत्तिमा बराबरको अधिकारी हुन्छ अरे। छोरालाई घर र छोरीलाई उसको बिबाहमा सम्पत्ति दिइन्छ। र, वर्षौंदेखि चल्दै आएको चलन पनि कि छोरीलाई दाइजोको रूपमा उसको हक उसलाई दिइन्छ। त्यो सम्पत्तिमा पुरुषले आफ्नो अधिकार जमाए श्राप लाग्छ अरे ! हाम्रो देश र समाजको कानून, नियम र सिस्टम यस्तै छ त ? दाइजोप्रथा धेरै पहिला देखि नै चल्दै आएको छ। र, अहिले पनि यथावत छ। तर, जे होस् नयाँ कानुन बन्यो। बराबरीको कुरा उठ्यो। समान अधिकारको कुरा उठ्यो। दाइजो लिने र दिने दुबै अपराधि हुन् भनेर घोषित गरियो।

हाम्रो समाजमा पुरूष भन्दा महिलालाई नै सजिलो देख्छु म त। महिला सुन्दर छिन्, बोल्न जानेकी छिन् भने पीएचडी गरेको पुरुषको तुलनामा पनि एउटी एसएलसी पास महिला अगाडि हुन्छिन् अरे। धेरै यस्ता उदाहरण छन् हाम्रै समाजमा।

महोत्तरी एकजना शिक्षक (नाम र ठेगाना उल्लेख नगर्ने सर्तमा) आफ्नो कुरा राख्दै भने,'म एउटा सामान्य परिवारमा हुर्केको हुँ।पैसाको अभावले मैले मेरो पढाइ पुरा गर्न सकिन्। म मेरो गाउँकै एक नीजि विद्यालयमा शिक्षक भएर काम गरिरहेको थिए। म मेरो पेशाले खुशी र आत्मसन्तुष्ट थिए। समयक्रसँगै घरपरिवारकै सल्लाहअनुसार मेरो बिहे भयो जनकपुरधाममा। म आत्मविश्वासी र मेहनति भएकै कारण मेरो ससुराले मलाई रोज्नुभयो। मेरो बुढी पेशाले डाक्टर हुन्। बिबाहको शुरुवाती ६ महिनासम्म हाम्रो सम्बन्ध एकदम राम्रो थियो। उनी जागिरे भएकोले आफ्नो कामका कारण प्रायः जनकपुरमै बस्थिन्। म भने गाँउमै बसेर काम गर्थें। हाम्रो जीवन राम्रै चलिरहेको थियो। तर, पछि खै के भयो उसलाई मदेखि टाढा हुन् चाहन्थिन्। मसँग घुम्न, हिँड्न पनि उसलाई लाज लाग्न थाल्यो अरे !मसँग जहिल्यै कुरा हुँदा मलाई तल देखाउँथिन्। उनी एउटी चिकित्सक, म भने एउटा सामान्य शिक्षक। उसलाई मसँग मेरो जागिरका कारण लाज लाग्थ्यो रे। विस्तारै यतिसम्म भयो कि अहिले उनी मसँग सम्बन्धबिच्छेदका लागि अदालतसम्म पुगेकी छिन्।'

यहाँ सबै भन्छन् कि महिला मात्र पीडित हुन्छन्। तर, एउटा पुरुषको मनभित्र कति पीडा हुन्छ भन्ने कुरा कसले बुझ्ने ? मलाई अचम्म लाग्छ। जागिरे, पढेलेखेका केटाले बेरोजगार, आफूभन्दा कम हैसियतको केटिलाई यदि आफ्नो श्रीमती बनाउन तयार हुन सक्छन् भने एउटी पढेलेखेकी केटीले बेरोजगार, कम पढेको, सामान्य जागिरे (दुई छाक टार्न सक्ने हैसियत भएको) केटालाई आफ्नो जीवनसाथी बनाउने हिम्मत किन राख्दैनन् ? आजको युगमा के एउटी चिकित्सक पेशामा आबद्ध महिलाले कुनै बेरोजगार केटालाई अपनाउन सक्छन् ? पक्कै सक्दैनन्। हाम्रो समाजमा अनपढ महिलालाई (हेप्न खोजिएको होइन) पनि आफूभन्दा माथिल्लो हैसियतको जीवनसाथी चाहिन्छ।

इन्जिनियरीङ्ग गरेका केटाले एसएलसी पास केटिलाई आफ्नो घर भित्राउँदा उसको इज्जत नजाने तर, त्यही इन्जिनियरीङ्ग गरेकी केटीले एसएलसी पास केटासँग बिहे गर्दा हैसियतको कुरा आउँछ ? समानता नारा र भाषणमा मात्र ? व्यवहारमा खोई त देखिएको ? महिलाहरू आफ्ना श्रीमानको उनीहरूको भन्दा तल्लो स्तरको पद छ भने अरूलाई सुनाउँदैनन् तर माथिल्लो, अलि चिनिएको पद छ भने ठूलै स्वरले चिनाउँछन्। अनि सबैले भन्छ महिला बेचारी हुन, सहनशील र भलादमी हुन्। कस्तो अचम्म..!

त्यस्तै लक्षमिनियाका प्रवीण (नाम परिवर्तन) उनि एसएलसी पास मात्रै छन। र गाउँमै एउटा सानो किराना दुकान खोलेर बसेका छन। सामाजिक सञ्जालको मार्फत उहाँ प्रेममा पर्नु भयो। दुई पल्ट भेटघाट पनि भइयो। केटी उहाँको टाढाको रिस्तामा पर्छे र त्यही भएर विवाह घर परिवारको सल्लाह र राजीखुशीले धुमधाम संग भइयो। उनकी श्रीमती एनजीओमा काम गर्छिन्। सुरूमा सब ठीकठाक थियो। कहिले काँही ऊ बियर खाएर आउँथिन् तरपनि म त्यो कुरालाई सामान्य ठान्थे।

म शुद्ध वैष्णव, ऊ माछा मासुको सौखिन। तर मैले कहीले पनि तिमी नखाउ भनिन। उसको आफ्नो स्वेच्छा र अधिकार पनि थियो नि त। केहि दिन ठिकै थियो। तर पछि उसको प्रायः पार्टी, राति राति घर आउने, बियर सधैं खाने बानिले हामीबिच झगडा हुन् थाल्यो। हामि प्रहरीकोमा पनि पुग्यौं। त्यहाँ अबदेखि यस्तो नगर्न र मिलेर बस्न हामीलाई सम्झाइयो। तर ५-७ दिन पछि फेरि त्यहि ताल हुन्थ्यो। उस्ले उल्टै ममाथि हिंसाको आरोप लगाइन्। नत सँगै बस्छिन्, नत डिभोर्स नै दिन्छिन्। मसँग कुन पापको बदला लिँदैछिन थाहा भएन। सायद रोकटोक गरेर होला।

यिनीहरु त केही उदाहरण पात्र मात्रै हुन्। यस्ता धेरै पुरुष होलान् जसले मनभित्रै आफ्नो पीडा लुकाएर जीवन व्यतीत गरिरहेका हुनसक्छ। महिलालाई मात्र धेरै पीडा छ भन्ने छैन। पुरुषको पनि त्यो भन्दा कम पीडा छैन। फरक यति छ कि महिला खुलेर बोल्छिन्, तर पुरुषले कुरा लुकाउँछ। पुरुषको आँखामा आँशु हुँदैन। कार्यस्थलदेखि आरामकक्षसम्म सबथोक ब्यालेन्स गर्दै जीवन बित्छ पुरुषको।

# लुम्बिनीमा वैदेशिक लगानीका ६७ उद्योग

**रासस**
**बुटवल ।**
लुम्बिनी प्रदेशमा वैदेशिक लगानीका ६७ उद्योग सञ्चालनमा छन् । त्यसमध्ये साना ३४, मझौला १६ र ठूला १७ रहेको बताइएको छ । बुटवलमा आयोजित अन्तर्राष्ट्रिय वित्त निगम (आइसिएफ)सँगको अन्तर्क्रियामा लुम्बिनी प्रदेशमा व्यवसायको सम्भावना र चुनौतीका विषयमा भनाइ राख्दै नेपाल उद्योग वाणिज्य महासङ्घका सदस्य तथा बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष उज्ज्वलप्रसाद कसजुले यो तथ्याङ्क प्रस्तुत गरेका हुन् ।
उनले लुम्बिनी प्रदेश वैदेशिक लगानीको आकर्षक क्षेत्र पनि रहेको जनाउँदै वैदेशिक लगानी पहिलो रोजाइ सेवामूलक, उत्पादनमूलक र पर्यटन क्षेत्रमा रहेको भनाइ राखे ।
त्यसबाहेक लुम्बिनी प्रदेशमा ठूला आठ सय ८२, घरेलु तथा साना उद्योग करिब २५ हजार र करिब एक लाख ५० हजार व्यावसायिक प्रतिष्ठान रहेको उनले जानकारी गराए । तराईका छ र पहाडका छ गरी १२ जिल्ला रहेको लुम्बिनी प्रदेशको जम्मा क्षेत्रफल २२ हजार दुई सय ८८ वर्ग किमी छ । यो प्रदेशमा प्रचुर कृषि भूमि तथा प्राकृतिकरुपमा धनी प्रदेशका



रुपमा रहेकाले कृषिजन्य तथा वन पैदावारमा आधारित उद्योग तथा पर्यटन उद्योगमा राम्रो सम्भावना देखिएको उनले जानकारी गराए । उनका अनुसार राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा लुम्बिनी प्रदेशको करिब १४ प्रतिशत योगदान रहेको छ । लुम्बिनीमा दुई औद्योगिक क्षेत्र र भैरहवामा विशेष आर्थिक क्षेत्र रहेका छन् । त्यसबाहेक पनि भैरहवा-लुम्बिनी, बुटवल-भैरहवा, भैरहवा-परासी, परासी-भुमही मुख्य औद्योगिक करिडोर रहेका छन् । यि करिडोरमा मात्रै लुम्बिनी प्रदेशमा रहेका कूल उद्योगको ५० प्रतिशत उद्योग छन् । त्यसैगरी रुपन्देहीमा प्रस्तावित मोतिपुर औद्योगिक क्षेत्र र बाँकेमा नौवस्ता औद्योगिक क्षेत्र छन् । यी औद्योगिक क्षेत्रको निर्माण र सञ्चालनको ढिलाइले उद्योग विस्तार तथा वैदेशिक लगानीमा तीव्रता आउन नसकेको उनले बताए ।
त्यस्तै सिद्धार्थनगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुर श्रेष्ठले प्रदेशमा लगानीको राम्रो सम्भावना भए पनि नीतिगत अस्पष्टताका कारण पर्याप्त लगानी आकर्षण हुन नसकेको र लामो समयदेखिको बैंक तथा वित्तीय संस्थामा उत्पन्न भएको लगानी योग्य पुँजीको अभाव एवम् ब्याजदरमा भएको अस्वाभाविक वृद्धिका कारण भएका उद्योग प्रतिष्ठान पनि धान्न मुस्किल भएको बताए । कार्यक्रममा अन्तर्राष्ट्रिय वित्त निगम (आइसिएफ) का प्रमुख, आवासीय प्रतिनिधि बाबाकर एस फेइले आइएफसी विश्व बैंक समूहको सदस्य उदीयमान बजारमा निजी क्षेत्रमा केन्द्रित सबैभन्दा ठूलो विश्वव्यापी विकास संस्था रहेको र विकासशील देशमा बजार र अवसर सिर्जना गर्न पुँजी, विशेषज्ञता र प्रभाव प्रयोग गरेर सयभन्दा बढी देशमा काम गर्दै आएको जानकारी दिए । यसले निजी क्षेत्रसँगको साझेदारीमा अत्यावश्यक सेवा विद्युत्, दूरसञ्चार, यातायात, खानेपानी र सरसफाइ जस्ता पूर्वाधार परियोजना विकास गर्न दीर्घकालीन वित्तपोषण र उद्योग-अग्रणी विशेषज्ञता प्रदान गर्ने उनले जानकारी गराए । उनका अनुसार आइएफसी माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनामा चार सय ५३ मिलियन डलरको ऋण फाइनान्सिङ प्याकेजको प्रमुख प्रबन्धक हो । त्यो नेपालमा सबैभन्दा ठूलो विदेशी प्रत्यक्ष लगानी हो । कार्यक्रममा उद्योगी व्यवसायीको सहभागिता थियो ।

# पहिरो पन्छाएर सडक पुनःसञ्चालनमा

**रासस**
**सिमकोट ।**
पाँच महिनादेखि अवरुद्ध भएको हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-५ मा पर्ने नारा लेक सडकखण्ड सञ्चालनमा आएको छ । गत पुसको भारी हिमपातले अवरुद्ध भएको सडकखण्ड केही दिनअघिदेखि सञ्चालन भएको हो ।
डोजरले नौ दिन लगाएर हिउँ, पहिरो पन्छाएपछि सिमकोट-हिल्सा सडक सञ्चालन आएको हो । नाम्खा-५ को यारीमा पर्ने नारा लेकमा जमेको झन्डै चार फिटसम्मको हिउँ र पहिरो पन्छाएर सडक सञ्चालन भएको हिल्सा-सिमकोट सडक आयोजनाका इञ्जिनियर नीरज राजवंशीले बताए । नारापासमा यातायात सञ्चालन गर्न नौ दिन लगाएर हिउँ र पहिरो पन्छ्याइएको इञ्जिनियर राजवंशीले बताए । सिमकोट-हिल्सा सडकखण्डको सिमकोटदेखि यारीसम्म यातायात सञ्चालन भए पनि नारामा हिउँ जमेको हुनाले पाँच महिनादेखि सडक अवरुद्ध थियो । हिल्सा-यारी खण्डको २८ किलोमिटर सडकमध्ये १० किमी सडकबाट हिउँ र १८ किमी सडकबाट पहिरो पन्छाइएको हो ।
पाँच महिनादेखि सडक यातायात अवरुद्ध हुँदा स्थानीय एवम् व्यापारी पैदलै हिँड्न बाध्य थिए । वैशाख १८ गतेदेखि जेठ पहिलो हप्तासम्म ताक्लाकोट जाने हुम्ली तथा हिल्सामा कार्यरत सुरक्षाकर्मीले यसअघि पैदल भएर आवतजावत गरिरहेका थिए । अहिले पहिरो र हिउँ पन्छाएसँगै सडक यातायात सञ्चालन भएकाले यात्रुलाई सहज भएको सिमकोट गाउँपालिका-७ का बासिन्दा वीरबहादुर सिंहले बताए । कर्णाली करिडोरअन्तर्गतको हिल्सा-सिमकोट सडकखण्ड हिल्सा-सिमकोट सडक आयोजनाको क्षेत्रमा पर्ने भएकाले कार्यालयले आफैँले मेसिन लगाएर हिउँ पन्छाएको इञ्जिनियर राजवंशीले बताए । अघिल्लो वर्षसम्म हिल्सा नाका बन्द भएकाले सीमितरूपमा सञ्चालन हुने सवारीसाधन नाका खुलेपछि भने चीनको ताक्लाकोटसम्मै सञ्चालन भएका छन् । यससँगै त्यहाँ जानेको सङ्ख्या बढेको छ ।

# बालविकास सहजकर्तालाई अभिमुखीकरण

मधेशदृष्टि
वीरगंज ।
पोखरिया नगरपालिकाको आयोजनामा बिहिबार बालविकास सहजकर्तालाई पोषणसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम भएको छ ।
पोखरिया नगरपालिकाकी उपप्रमुख रूबी कुमारी ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरिया नगरपालिकाको वडा नम्बर १ देखि १० सम्मका बालविकास सहजकर्ताको सहभागिता थियो । कार्यक्रममा नगरपालिकाका प्रशासन तथा शिक्षा शाखा प्रमुख विजय कुमार झा, विनोद चौहान, वडा अध्यक्ष किशोरी साह, कार्यपालिका सदस्य राधा साह कानू, सुनीता देवी लगायतको सहभागिता थियो ।

# आमजनता पार्टीको कमिटी गठन

मधेशदृष्टि
सर्लाही ।
प्रभु साह नेतृत्वको आम जनता पार्टीले सर्लाही जिल्ला कार्यसमिति गठन गरेको छ ।
अध्यक्ष साहले जिल्ला कार्यसमिति सर्वसम्मतरुपमा टुंगो लगाएको भन्दै नाम लिष्ट सार्वजनिक गरिएको छ । सर्लाही इन्चार्जमा दीपककुमार रानाभाट र अध्यक्षमा तुलसी प्रसाद हुमागाईं चयन भएका छन् । वैशाख २७ गते सर्लाहीको ईश्वरपुर नगरपालिका बयलवासमा भएको जिल्ला भेलाले १ सय १ सदस्यीय कार्यसमिति चयन गरेको हो । सर्लाही पार्टीका वरिष्ठ उपाध्यक्ष बद्री प्रसाद न्यौपानेको गृहजिल्ला हो । न्यौपानेकै कारण पनि पार्टीमा आकर्षण बढेको बताइएको छ ।

# ब्युँतिएला गोरखकाली रबर उद्योग ?




**रामबहादुर थापा**
**गण्डकी ।**
रुग्ण गोरखकाली रबर उद्योगलाई पुरानै स्थितिमा फर्काउने सरकारको घोषणा कार्यान्वयन होला त भन्ने प्रश्न फेरि सतहमा आएको छ । सरकारले हालै सार्वजनिक गरेको आउँदो आव २०८०/८१ को नीति तथा कार्यक्रममा बन्द अवस्थामा रहेको उद्योग पुनःसञ्चालनमा ल्याउने उल्लेख छ ।
सरकारको निर्णयले आशा जगाएको भए पनि घोषणा कार्यान्वयन हुनेमा भने जनस्तरमा संशय छ । यसअघि पनि पटकपटक गोरखकाली रबर उद्योगलगायत बन्द तथा रुग्ण अवस्थामा रहेका स्वदेशी उद्योग चलाउने सरकारी प्रयासले सार्थकता पाउन सकेको थिएन । गोरखकाली देशकै एकमात्र टायर उत्पादन गर्ने उद्योग हो ।
२०४९ साउनदेखि व्यावसायिक उत्पादन थालेको उद्योग व्यवस्थापनको कमजोरीका कारण २०७२ देखि पूर्णरुपमा बन्द छ । सरकारले उद्योगमा कार्यरत दुई सय ८० कर्मचारीलाई विसं २०७६ फागुनमा ९६ करोड रुपैयाँ दायित्वसहित अवकाश दिएको थियो । अहिले उद्योगको रेखदेखका लागि करारका कर्मचारी र सुरक्षागार्ड छन् ।
उद्योगका प्रशासन अधिकृत दिनेश कार्कीले सरकारले चाहेमा अहिले भएकै पूर्वाधारबाट उद्योग पुनःसञ्चालन गर्न सकिने बताए । '५०-६० वर्षलाई थेग्ने गरी उद्योगको भौतिक संरचना बनेको छ,' उनले भने, 'बिग्रेका उपकरण र प्रविधि फेर्न थप लगानी भने गर्नुपर्छ ।'
अधिकृत कार्कीका अनुसार उद्योगबाट 'बायस' प्रविधिको टायर र ट्युब उत्पादन हुँदै आएको थियो । अहिले भारतीय बजारबाट 'रेडियल' अर्थात् 'ट्युबलेस' प्रविधिको टायर नेपाल भित्रने गरेको छ । नेपालको भू-बनोट र सडकको स्तरअनुसार अझै केही दशक बायस प्रविधिकै टायर प्रयोगमा ल्याउन सकिने उनको भनाइ छ ।
'रेडियल प्रविधिमा जाने हो भने ५० करोड रुपैयाँ भन्दा बढी लगानी चाहिन्छ, यो प्रविधि महँगो छ,' अधिकृत कार्कीले भने । उद्योग बन्द हुनुपूर्व २५ वर्षसम्म उनले त्यहाँ कर्मचारीका रुपमा काम गरेका थिए । अहिले उद्योगको संरक्षण र रखेदेखका लागि उद्योग मन्त्रालयले उनलाई करारमा खटाएको छ ।
'सहसचिवको नेतृत्वमा बनेको अध्ययन कार्यदलले पनि यो उद्योगलाई पुनःसञ्चालन गर्न सकिने भनेर औँल्याएको छ,' अधिकृत कार्कीले भने, 'सरकारको नीति तथा कार्यक्रममा पनि समावेश भएपछि उद्योग चल्नेमा आशा जागेको छ, मुख्यरुपमा उद्योग मन्त्रालयले नै यसमा पहल लिनुपर्छ ।'
गोरखाको गोरखा नगरपालिका-१३ मजुवा देउरालीको छ सय ६५ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगमा झण्डै १० अर्ब रुपैयाँ बराबरको सम्पत्ति छ । उद्योगको जग्गा, भवन, वन सम्पदा, उपकरण आदिको संरक्षण प्रयास भए पनि लामो समयसम्म सञ्चालनमा नआउँदा जीर्ण बन्दै गएका छन् ।
गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले सार्वजनिक-निजी साझेदारी अवधारणाबाट उद्योग चलाउनुपर्ने धारणा राखे । 'सरकारको मात्रै बाटो हेरेर हुँदैन, यसलाई थ्री पी मोडलमा लैजानुपर्छ,' उनले भने, 'उद्योग पुनःसञ्चालनबारे चीन र नेपालका विज्ञसँग छलफल भइरहेको छ, उद्योग चलाउन हामी लागिपरेका छौँ ।'
गुणस्तरीय टायर स्वदेशमै उत्पादन गर्नसक्ने उद्योग लामो समयसम्म बन्द हुनु दुर्भाग्य भएको उनको भनाइ छ । 'बजारमा रहेको भारतीय टायरको वर्चश्व तोड्न र नेपाली टायरलाई प्रतिस्पर्धी बनाउन पनि यो उद्योग सञ्चालन गर्नैपर्छ,' प्रमुख रानामगरले भने, 'स्वदेशी उत्पादनको प्रवर्द्धन र रोजगारी सिर्जनामा यसले ठूलो मद्दत पुऱ्याउँछ ।'
राजनीतिक प्रभाव, कमजोर व्यवस्थापन, बजार प्रवर्द्धनको कमी जस्ता कारणले उद्योग बन्द हुन पुगेको उनको भनाइ छ । उनले लगानी र नयाँ प्रविधि भित्र्याएर भए पनि उद्योग सञ्चालन गर्नुपर्ने बताए । गोरखाका राजनीतिकर्मी, व्यवसायीलगायत जनसाधारणले लामो समयदेखि उद्योग सञ्चालनको माग गर्दै आएका छन् ।
गोरखा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार श्रेष्ठले उद्योग चलाउने विषयमा गण्डकी प्रदेशका मुख्यमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराइएको बताए । 'सरकारले नीति तथा कार्यक्रममार्फत उद्योग पुनःसञ्चालन गर्ने घोषणा गरेपछि गोरखाका उद्योगी व्यवसायी खुसी छौँ, हामीले पटकपटक यो माग राख्दै आएका थियौँ, अब निर्णय कार्यान्वयनमा ढिलाइ नहोस्,' उनले भने ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखाबाट चुनाव लड्दा गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याइने प्रतिबद्धता जनाएका थिए । गृहमन्त्री, गण्डकीका मुख्यमन्त्री, सभामुखलगायत उच्च पदमा गोरखाकै राजनीतिक नेतृत्वमा रहेकाले उद्योग सञ्चालनमा उचित पहलकदमी हुनेमा गोरखाबासी आशावादी छन् ।
गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले गोरखकाली रबर उद्योग सञ्चालनका लागि सङ्घीय सरकारसँग साझेदारी गर्न प्रदेश सरकार तयार रहेको बताए । 'हाम्रै प्रदेशमा पर्ने भएकाले प्रदेश सरकारको पनि यसमा स्वाभाविक दायित्व रहन्छ,' उनले भने, 'प्रदेशमा उद्योगधन्दाको विकास र स्थानीय उत्पादनको प्रवर्द्धन प्रदेश सरकारको प्राथमिकतामा छ ।'
मन्त्री थापामगरले रोजगारी वृद्धिसँगै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ पार्न बन्द अवस्थामा रहेका सबै स्वदेशी उद्योग पुनःसञ्चालनमा ल्याउनुपर्ने उल्लेख गरे । 'अहिले अर्थतन्त्रमा जे समस्या देखापरेको छ, यसको समाधानका लागि आफ्नै स्रोत, सीप र प्रविधिमा आधारित उद्योगधन्दा खोल्नुपर्छ, रोजगारी सिर्जना गर्नुपर्छ,' उनले भने । सरकारले गोरखकाली रबर उद्योगसँगै हेटौँडा कपडा उद्योग र बुटवल धागो कारखाना पुनःसञ्चालनको घोषणा गरेको हो । लामो समयदेखि बन्द तथा रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन, खारेजी, एकीकरण वा व्यवस्थापनका विषयमा अध्ययन गर्न उच्चस्तरीय अध्ययन समितिसमेत गठन गर्ने सरकारको तयारी छ ।

# औद्योगिक प्रदर्शनीस्थल प्रयोगबिहीन

**रासस**
**चितवन ।**
उद्योग सङ्घ चितवनको अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी केन्द्र परिसरमा प्रदेश सरकारले निर्माण गरेको औद्योगिक प्रदर्शनीस्थल प्रयोगबिहीन अवस्थामा रहेको छ । २०७७ मा निर्माण सुरु भएको प्रदर्शनीस्थल छ महिनाअघि निर्माण सम्पन्न भएको हो । तर त्यसयता प्रयोगबिहीन अवस्थमा छ ।बागमती प्रदेश सरकारको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले एक करोड ८० लाख रुपैयाँको लागतमा निर्माण गरेको प्रदर्शनीस्थल हस्तान्तरण कसलाई गर्ने भन्ने निर्णय नभएकाले अलपत्र परेको हो ।
निर्देशनालयका निर्देशक गोविन्द सिग्देलका अनुसार भवन निर्माणको समयमा संरचना निर्माण सम्पन्न भएसँगै उद्योग सङ्घलाई हस्तान्तरण गर्ने निर्णय भएको थियो । उनले भने, 'सङ्घीय सरकारले सो जग्गा २९ वर्षका लागि उद्योग सङ्घलाई भाडामा दिएको हुँदा त्यो निर्णय भएको हो । तर मन्त्रीस्तरको निर्णयले त्यो सम्झौता बदर भएको छ ।' तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठको कार्यकालमा निर्माण सम्पन्न भएको संरचना उद्योग सङ्घलाई हस्तान्तरण गर्ने निर्णय बदर भएको उनले बताए । उनले भने, 'मन्त्रीस्तरको निर्णयका कारण कसलाई संरचना हस्तान्तरण गर्ने भन्ने अनिर्णय बनेको छ । अब मन्त्री पाएका छौँ केही निर्णय हुन्छ ।'
प्रदेश सरकारले प्रदेशभित्रका लघु तथा साना उद्योगको उत्पादित सामग्रीलाई बजारीकरण गर्ने उद्देश्यले स्थापना गरेको यस बिक्रीकक्ष तथा स्थायी प्रदर्शनी केन्द्र अहिले संरक्षण र व्यवसायीको पर्खाइमा रहेको छ । यस भवनमा वर्षभरि नै व्यवसाय प्रवर्द्धन गर्न सकिने भए पनि सञ्चालनमा नआउँदा लघु तथा साना उद्योगीले लाभ लिन पाएका छैनन् ।




# छ हजार करदाताले बुझाएनन् आयकर विवरण

**रासस**
**वालिङ ।**
वैशाख २५ गतेसम्म स्याङ्जाका छ हजार बढी करदाताले आयकरतर्फको आय विवरण बुझाएका छैनन् । करदाता सेवा कार्यालयमा दर्तामा रहेका कूल १४ हजार चार सय ४७ सङ्घसंस्था, कम्पनी, समूह, समिति र फर्म रहेकामा छ हजार एक सय १० करदाताले आयकर विवरण नबुझाएका हुन् ।
वैशाख मसान्तसम्म करदाता सेवा कार्यालयमा आयकरतर्फको आय विवरण नबुझाउने छ हजार एक सय १० करदातालाई आय विवरण बुझाउन पत्राचार तथा सूचना जारी गरिएको कार्यालय प्रमुख कर अधिकृत शोभाकान्त पङ्गेनीले बताए ।चैत २५ गतेसम्म छ हजार पाँच सय १५ जनाले आय विवरण बुझाउन बाँकी रहेकामध्ये वैशाख मसान्तसम्म चार सय पाँच जनाले आय विवरण बुझाएको उनले बताए । प्रत्येक आर्थिक वर्ष सकिएपछि




असोज मसान्तभित्र आय विवरण बुझाउनुपर्नेमा करदाताले आय विवरण नुबझाएपछि पत्राचार तथा फोन सम्पर्क भइरहेको उनले जानकारी दिए ।
'कतिपयले व्यापार व्यवसाय छाड्नुभयो तर स्थायी लेखा नम्बर बन्द गर्नुभएको छैन,' उनले भने, 'व्यापार व्यवसाय छाडेको भए समयमै स्थायी लेखा नम्बर स्थगन गर्न करदातालाई पत्राचार गरिएको छ ।' व्यापार व्यवसाय सञ्चालन गर्न छाडे पनि थाहा नभएकै कारण यी समस्या देखिएका हुनसक्ने भएकाले वस्तुगत सङ्घसंस्था, जिल्लास्थित उद्योग वाणिज्य सङ्घमार्फत र स्वयं करदातालाई टेलिफोन वा म्यासेजमार्फत आयकर विवरण बुझाउन ताकेता गरिएको उनले बताए ।
समयमै आयकर नबुझाउने करदातालाई आन्तरिक राजस्व कार्यालयबाट आयकर ऐन २०५८ अनुसार अन्य कानुनी कारबाही तथा विलम्ब शुल्क लिने व्यवस्था रहेको छ । जिल्लाका ११ पालिकामध्ये करदाता सेवा कार्यालयले पत्राचार गरेसँगै विवरण बुझाउने सम्पर्कमा आई विवरण बुझाउन थालेकाले सङ्ख्या घट्दै गएको छ ।
उनका अनुसार वैशाख मसान्तसम्म वालिङ नगरपालिकाभित्रका एक हजार आठ सय ८९, पुतलीबजार नगरपालिकाका एक हजार तीन सय २०, भिरकोट नगरपालिकाका तीन सय ९०, चापाकोट नगरपालिकाका पाँच सय ७९, गल्याङ नगरपालिकाका छ सय ९६ करदाताले आयकर विवरण बुझाएका छैनन् ।
आँधीखोला गाउँपालिकाका दुई सय २६, फेदीखोला गाउँपालिकाका दुई सय ५८, बिरुवा गाउँपालिकाका एक सय ३५, अर्जुनचौपारी गाउँपालिकाका एक सय ७४, कालीगण्डकी गाउँपालिकाका दुई सय एक र हरिनाश गाउँपालिकाका दुई सय ४२ करदाताले आयकर विवरण बुझाउन बाँकी छ ।

# ‘सरकारले जारी गरेको अध्यादेश संविधान र न्यायको सिद्धान्तविपरीत’



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल बार एशोसिएशन, जनकपुरधामले सरकारले जारी गरेको मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० संविधान र न्यायको सिद्धान्तविपरीत रहेको ठहर गरेको छ।

नेपाल सरकारबाट जारी भएको नेपाल राजपत्रमा गत बैशाख २० गते प्रकाशित मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको अध्यादेशको दफा ३(२) मा थपिएको प्रतिवन्धात्मक वाक्यांश, दफा ४ को उपदफा (२) अन्तर्गत थपिएको ३(क) तथा ३(ख) मा भएको कानूनी व्यवस्था तथा मुल ऐनको दफा ३६ को उपदफा (५) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको भन्ने व्यवस्थाप्रति बारको गम्भिर ध्यानाकर्षण भएको अध्यक्ष बलराम सुवेदीको जिकिर छ।

उनले मिटरब्याजीलाई नियन्त्रण गर्ने र कानूनको दायरामा ल्याउने भन्ने मुख्य उद्देश्य राखेर संसद चलिरहेको अवस्थामा संसद समेतलाई छलेर एकपक्षिय रुपमा जारी गरिएको उक्त अध्यादेशमा राखिएको कानूनी व्यवस्था नेपालको संविधान र न्यायको मान्य सिद्धान्तको प्रतिकुल हुनुका साथै यसले वर्षौंदेखि चलिआएको सामाजिक लेनदेन सम्बन्धी व्यवहार र जनजिवन पनि ठप्प हुन सक्ने परिस्थिति सिर्जना भएको दाबी गरेका छन्।

बारले अध्यादेश जारी हुनु भन्दा पहिलै भएका तमसुकी कार्यव्यवहारलाई समेत असर पर्ने गरी पछिबाट जारी गरिएको अध्यादेशमा राखिएको कानूनी व्यवस्थाहरु तत्काल निलम्बन, फिर्ता गर्ने र सामाजिक जनजिवन समेत सहज रुपमा चल्न सक्ने गरी उपयुक्त कानूनी व्यवस्था गर्न नेपाल सरकार तथा सम्बन्धीत सरोकारवाला समक्ष माग गरेको छ।

नेपाल बार एशोसिएशन जनकपुरधामको जेठ ८ गतेको साधारण सभाद्वारा गरिएको निर्णय संघिय संसद समक्ष द्रुतसेवा मार्फत पठाउने सर्वसहमतिबाट निर्णय गरिएको अध्यक्ष सुवेदीले बताए।

# अध्यादेशविरूद्ध धनुषा महोत्तरी लेनदेन संघर्ष समिति आन्दोलित




**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा महोत्तरी लेनदेन संघर्ष समितिले विहिबार जनकपुरधाममा सरकारले ल्याएको अध्यादेशको विरोधमा प्रदर्शन गरेको छ। समितिले विभिन्न ६ सुत्रीय मागसहित प्रदर्शन गरेका हुन्।

उनीहरूले मिटरब्याजको नाममा भइरहेको लेनदेन आतंक बन्द गर्नुपर्ने, स्थानिय निकायमा जाँचबुझ गरि मात्र प्रमाणको आधारमा उजुरी दर्ता गर्ने प्रावधान हुनुपर्ने, लेनदेन सम्बन्धी उजुरी बिना प्रमाण दर्ता नगर्नुपर्ने, जिल्ला प्रशासन कार्यालय धनुषा तथा मिटरब्याज जाँचबुझ आयोगमा दर्ता भएको निवेदनहरू हाल जारी भएको मुलुकी देवानी संहिता २०७४ को ३६ को ३ (ख) बमोजिम जाँचबुझ तथा छलफलको लागी स्थानिय सरकारलाई जिम्मा लगाउनुपर्ने, आफूहरूले लगाएको लगानीहरू कानून बमोजिम साबाँ र ब्याजसहित उपलब्ध हुनुपर्ने र लेनदेनको व्यवहारलाई मर्यादित र सहज बनाउनुपर्ने माग गरेका छन्। यी मागहरूसहित उनीहरूले धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालसमक्ष ज्ञापनपत्रसमेत बुझाएका छन्। प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै समितिका अध्यक्ष विनोद यादवले समाजमा रहेका प्रत्येक मानवलाई दैनिक काम गर्नका लागी एक अर्कासँग कानून बमोजिम लेनदेन गर्ने हक अधिकार मुलुकी देवानी संहिता २०७४ को दफा ४७४ मा रहेको र सोही बमोजिम आफूहरूले पनि विभिन्न बैंक तथा बित्तिय संस्थाबाट ऋण लिएर समाजमा आवश्यक पर्ने व्यक्तिमा विगतदेखि नै प्रचलित कानून बमोजिम आवश्यकता अनुसार ऋण लेनदेन गर्दै आएको बताए।

उनले जनताले घर व्यवहार चलाउनका लागी ईष्ट मित्र, छर छिमेकीबाट नेपालको प्रचलित कानून बमोजिम कपाली तमसुक बनाई लेनदेन गर्न तथा जनजिविका चलाउँदै आएको अवस्थामा केहि गलत सोच भएका व्यक्तिले आफूहरूको ऋण तिर्न नपरोस भन्ने मनशायले मिटरब्याजीको नामाकरण गरी सबैलाई एकै किसिमबाट व्यवहारमा तुलना गरेकोप्रति दुःख व्यक्त गरेका छन्।

केहि गलत प्रवृतिको व्यक्तिहरूले लगानीकर्ताहरूलाई विभिन्न किसिमको भय त्रास तथा मिटरब्याजी भनि निवेदन दिने गरेको र विभिन्न किसिमको धाक धम्की दिई लगानीकर्ताको व्यक्तिगत स्वतन्त्रतामा आघात पुर्याइएको उनको गुनासो छ।

उनले आफूहरूको माग पुरा नभए चरणबद्ध रुपमा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्।

सरकारले मिटरब्याज पीडितको समस्या समाधानका लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० ल्याएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिशमा गत बैशाख २० गते सो अध्यादेश जारी गरे।

मन्त्रिपरिषद्को वैशाख १९ गतेको बैठकले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्ने गरी अध्यादेश मार्फत कानून संशोधन गर्ने निर्णय गरेको थियो। त्यसकै आधारमा राष्ट्रपति पौडेलले अध्यादेश जारी गरेका थिए।

सरकारले मिटरब्याजलाई अनुचित लेनदेनको रुपमा परिभाषित गरी कानुनी रुपमा दण्डनीय बनाउन उक्त अध्यादेश ल्यायो। सूदखोरलाई कारबाही गर्न माग गर्दै पीडितहरू लामो समयदेखि आन्दोलनमा छन्। उनीहरू तराई मधेशका विभिन्न जिल्लाबाट काठमाडौं पुगेर प्रदर्शनसमेत गरेका छन्।

# कोशी प्रदेशमा ९७ प्रतिशत घरपरिवारमा शौचालय




**रासस**
**मोरङ।**
कोशी प्रदेशमा ९६ दशमलव आठ प्रतिशत परिवारले शौचालयको प्रयोग गर्ने गरेका छन्।राष्ट्रिय तथ्याङ्क कार्यालय काठमाडौँ र तथ्याङ्क कार्यालय मोरङद्वारा संयुक्तरुपमा आज यहाँ आयोजित राष्ट्रिय जनगणना-२०७८ कोशी प्रदेशस्तरीय नतिजा आज सार्वजनिक गर्दै प्रदेशका १४ जिल्लामा रहेका ११ लाख ९० हजार सात ५५ परिवारमध्ये तीन दशमलव दुई प्रतिशत परिवारको शौचालयको पहुँच नभएको उल्लेख गरिएको छ।

राष्ट्रिय जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवारको संख्या ३० दशमलव तीन प्रतिशत थियो। जनगणना २०७८ अनुसार प्रदेशको जनसंख्या ४९ लाख ६१ हजार चार सय १२ मध्ये महिला २५ लाख ४४ हजार ८४ (५१ दशमलव २८ प्रतिशत) छ भने पुरुष २४ लाख १७ हजार तीन सय २८ (४८ दशमलव ७२ प्रतिशत रहेको तथ्याङ्कमा उल्लेख छ। विसं २०६८ को राष्ट्रिय जनगणनामा प्रदेशको जनसंख्या ४५ लाख ३४ हजार नौ ४३ थियो। जनगणना २०७८ अनुसार नेपालको कूल जनसंख्यामध्ये अन्य लिङ्गीको संख्या दुई हजार नौ सय २८ (शून्य दशमलव शून्य एक प्रतिशत) मध्ये प्रदेशमा यसको १० दशमलव चार प्रतिशत छ।

प्रदेशमा वार्षिक औसत जनसंख्या वृद्धिदर शून्य दशमलव ८५ प्रतिशत छ। जसमा झापामा सबैभन्दा बढी एक दशमलव ९७ प्रतिशत र सबैभन्दा कम खोटाङ छ।

जनगणनाअनुसार प्रदेशको कूल जनसंख्याको ६२ दशमलव आठ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका छन् भने १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लोको उमेर समूहका जनसंख्या क्रमशः २६ प्रतिशत र ११ दशमलव दुई प्रतिशत छ।

प्रदेशमा सबैभन्दा बढी जनसंख्या मोरङमा ११ लाख ४८ हजार एक सय ५६ जना छन् भने सबैभन्दा कम जनसंख्या तेह्रथुममा ८८ हजार सात सय ३१ रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ। यस्तै झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्ला हुन् भने कम जनसंख्या भएका जिल्लामा सोलुखुम्बु र ताप्लेजुङ क्रमशःदोस्रो र तेस्रो स्थानमा छन्। प्रदेशमा ५३ दशमलव चार प्रतिशत परिवारले खाना पकाउन काठ/दाउराको प्रयोग गर्ने गरेको तथ्याङ्कमा उल्लेख छ। खाना पकाउन एलपी ग्यास, गुइँठा, बायोग्यास, बिजुली, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवाको क्रमशः ४१ दशमलव दुई, तीन दशमलव चार, एक दशमलव तीन, शून्य दशमलव पाँच, शून्य दशमलव शून्य चार र शून्य दशमलव दुई प्रतिशत छ। जनगणनाअनुसार प्रदेशमा कूल ११ लाख ९१ हजार पाँच सय ५६ परिवारमध्ये ३० दशमलव नौ प्रतिशत परिवारको मूली महिला छन्। जुन अघिल्लो जनगणनाको तुलनामा चार दशमलव छ प्रतिशत बढी छ। प्रदेशका कूल जनसंख्याको दुई दशमलव चार प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेकोमध्ये पुरुष ५३ दशमलव नौ प्रतिशत र महिला ४६ दशमलव एक प्रतिशत छन्। प्रदेशमा पाँच वर्ष वा सोभन्दा बढी उमेर समूहको कूल जनसंख्यामा ७९ दशमलव सात प्रतिशत साक्षरता रहेकोमध्ये पुरुषको ८६ दशमलव एक प्रतिशत र महिला ७३ दशमलव छ प्रतिशत छ। प्रदेशमा २८ दशमलव दुई प्रतिशतले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन् भने कक्षा ६ देखि ८ सम्म उत्तीर्ण गर्ने २० दशमलव एक प्रतिशत, एसइई वा सोसरह उत्तीर्ण गर्ने ११ दशमलव तीन प्रतिशत र एसइईभन्दा माथिल्लो तह उत्तीर्ण गर्ने १६ दशमलव सात प्रतिशत छन्।

प्रदेशमा पाँच वर्ष वा सोभन्दा कम उमेरका कूल चार लाख ६२ हजार छ सय २५ जना बालबालिकामध्ये ७० दशमलव आठ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९ दशमलव दुई प्रतिशतको जन्मदर्ता नभएको देखिन्छ। प्रदेशमा पहिलो विवाह गर्दाको औसत उमेर २० वर्ष रहेको छ। जसमा पुरुषको २२ वर्ष र महिला १९ वर्ष छ। प्रदेशमा विद्युत् प्रयोग गर्ने परिवारको संख्या ९३ दशमलव सात प्रतिशत छ। जुन २०६८ को जनगणनामा यस्तो संख्या ६५ दशमलव आठ प्रतिशत थियो। प्रदेशमा स्मार्टफोन भएका परिवार ७४ दशमलव दुई प्रतिशत रहेको छ भने साधारण मोबाइल फोन भएका परिवार ७२ दशमलव छ प्रतिशत छ। महिलाका नाममा घर वा जग्गा वा दुवै हुने परिवारका संख्या २८ दशमलव चार प्रतिशत छ। जुन २०६८ को तुलनामा शून्य दशमलव पाँच प्रतिशत बढी छ।

प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री भक्तिप्रसाद सिटौलाले तथ्याङ्क आधारमा राज्यले उपलब्ध गराउने सेवासुविधा तथा कृषि, उद्योग, उत्पादकत्व, बजार व्यवस्थामा सहयोग पुग्ने विचार राखे।राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख मुन्नीकुमारी चौधरी, कार्यालयका निर्देशक केशवकुमार गौतम र अधिकृत नन्दलाल सापकोटाले योजना निर्माण, विकास र शान्ति सुरक्षामा तथ्याङ्क उपयोगी हुने विचार राखे।

# मधेश प्रदेशवाट नेपाली काँग्रेसको रुपान्तरण अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली काँग्रेसको यूवा नेताहरुले पार्टी रुपान्तरणका लागि शुरु गरेको अभियान मधेश प्रदेशका राजधानी जनकपुरधामवाट विहिबार देखि शुरु गरेको छ।



नेपाली काँग्रेसको रुपान्तरण अभियानको विषेश कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका यूवा नेता गुरुराज घिमिरेले नेपाली काँग्रेसलाई जीवन्त बनाउनका लागि नेतृत्व तथा नीतिमा परिमार्जन आवश्यक भएको बताएका छन्।

उनले पार्टी शुद्धिकरणका लागि पार्टीका नेताहरुमा शुद्ध आचरण तथा जनता प्रतिको जवाफदेहिता आवश्यक भएको बताउदै आउने चुनावमा नेपाली काँग्रेस कुनै दलसंग गठबन्धन नगर्ने निर्णय गरिसकेको बताए। कार्यक्रममा नेपाल विद्यार्थी संघका पूर्व अध्यक्ष रञ्जित कर्ण, मधु आचार्य, भूपेन्द्र जङ्गशाही, डा. चन्द्र मोहन यादव सहितका नेताहरुले नेपाली काँग्रेस पार्टीलाई अझबढी शक्तिशाली बनाउन तथा जनताको शाचो पार्टी बनाउनका लागि रुपान्तरण आवश्यक भएको बताए। पार्टी भित्र सुशासन, पुर्नसंरचना, उर्जावान नेतृत्व, नीति सहितका १२ बुदा सहित ७ वटा प्रदेशमा प्रदेश स्तरीय तथा एक वटा अप्रवासमा रहेका पार्टीका जनवर्गिय संगठनसंग जूम मार्फत रुपान्तरणका लागि अन्तरक्रिया र संवाद कार्यक्रम रहेको काँग्रेसका यूवा नेता सुभाष पोखरेलले जानकारी दिएका छन्।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजना गरिईएको सो अभियानमा मधेश प्रदेशका ८ जिल्लावाट काँग्रेसमा पद नपाएका तर ईमान्दारी पूर्वक पार्टीको संगठन तथा जनतामा काम गरेका संघर्षशील नेताहरुको सहभागिता रहेको थियो। नेपाली काँग्रेसको रुपान्तरण अभियानमा हिडेका नेताहरु होटलमा नवसी काँग्रेसका कार्यकर्ताहरुको घरमा वस्ने, जाड रक्सी नखाने, दलित वस्तिमा पुगेर सामूहिक रुपमा खाना खाने, भ्रष्टाचारको विरुद्धमा सडक अभियान चलाउने जस्ता कार्यक्रम गर्ने भएको छ।

# चुरे अभियानीको पदयात्रा मलेखु पुग्यो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विभिन्न चार शुत्रीय मागसहित वीरगंजबाट काठमाडौंसम्म पदयात्रामा निस्केका चुरे तथा वनजंगल संरक्षण अभियानका अभियानीको टोली मलेखु पुगेको छ।

पदयात्राको नवौ दिन नारायणघाट हुदै अभियानीहरु मलेखु पुगेका हुन्। सिर्सिया नदीलाई प्रदुषण मुक्त बनाउनुपर्ने मुख्य मुद्दाका साथ वीरगंजबाट निस्केको टोली विभिन्न ठाउमा अभियानीहरुको समर्थन पाउदै काठमाडौं नजिक मलेखु पुगेका छन्। अभियानका संयोजक सुनिल कुमार यादवका अनुसार सुकुम्वासीलाई जग्गा प्रदान,चुरे अतिक्रमण वन्द र भ्रष्टाचारीलाई कारवाहीको माग पनि समावेस गरि काठमाडौंमा सिंहदरबारमा वीरगंजबाट लगिएको सिर्सिया नदीको पानी प्रर्दशन गर्ने र त्यतिबाट पनि सरकारलाई सुनबाई नभए माइतीघर मण्डलामा अनिश्चितकालीन धर्नामा बस्ने कार्यक्रम रहेको छ।

चुरे तथा वनजंगल संरक्षण अभियानले यसअघि विभिन्न समयमा मधेश सरकारलाई झकझकाउन जनकपुरधाम केन्द्रित आन्दोलन गर्दै आएको थियो।

# सातवटै प्रदेशमा निकालियो सन्त रामपालजी महाराजको शोभा यात्रा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा जगतगुरु तत्वदर्शी सन्त रामपालजी महाराजको सान्निध्यमा कबीर साहेबजीको ६२६ औं प्रकट दिवसको उपलक्ष्यमा आज उनका अनुयायीहरुले बिर्तामोड, बिराटनगर, इनरुवा, गौर, कलैया, वीरगंज, नारायणघाट, काठमाडौं, पोखरा, परासी, बुटवल, तौलिहवा, तुलसीपुर, नेपालगंज, सुर्खेत, गुलरिया, धनगढी र महेन्द्रनगर गरि सात वटै प्रदेशका १८ वटा जिल्लाहरुमा आध्यात्मिक चेतना तथा सतगुरु शोभा यात्रा निकालेका छन्। आज भन्दा ६२५ वर्ष पहिले कबीर साहेबजी काशीको लहरतारा तलाउमा विकसित कमलको फूलमा सतलोकबाट सशरिर शिशु रुपमा प्रकट हुनुभएको थियो र वेदमा वर्णित भगवानका लिला हरु उहाँले गर्दै धरतीमा १२० वर्ष बिताएर मगहर भन्ने स्थानबाट सशरीर नै सतलोक जानुभएको थियो। उहाँको जन्म कुनै आमाको गर्भ बाट भएको थिएन र उहाँ स्वयं पूर्ण परमात्मा हुनुहुन्छ भन्ने जानकारी दिंदै कबीर साहेब प्रकट हुनुभएको दिनको स्मृतिमा कबीर साहेब प्रकट दिवस मनाउने गरेका छन्।

यहि आउँदो जेष्ठ १९,२० र २१ गते कबीर साहेबजीको प्रकट दिवसको उपलक्ष्यमा सतलोक आश्रम धनुषामा तीन दिवसीय अखण्ड पाठ, विशाल भण्डारा , दाइजो मुक्त विवाह, आदी भव्य कार्यक्रमहरुको आयोजना गरिएको छ। उक्त कार्यक्रममा सार्वजनिक रुपले सर्व समाजलाई आमन्त्रण दिने उद्देश्यले यो शोभा यात्रा निकालिएको उनका अनुयायीहरुले जनाएका छन्।

यसका साथै वेद, गीता, कुरान शरीफ, बाइबल, गुरु ग्रन्थ साहेब आदी सर्व ग्रन्थमा कबीर साहेब भगवान भएको नारा लगाउँदै हजारौंको संख्यामा गाडीहरु सजाएर यात्रामा सहभागी गराइएका थिए। यस शोभा यात्राको माध्यमबाट समाजलाई कुलत, दाइजो प्रथा, भ्रष्टाचार, आदी सामजिक विकृतिहरुबाट मुक्त बनाउने संदेश दिनुका साथै अनुयायीहरुले पुस्तक पनि वितरण गरे।

# अवैध उत्खनन गर्ने दुई सवारी साधनसहित तीन पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा प्रहरीले अवैध वालुवा उत्खनन गरि ल्याउने दुईवटा सवारी साधनसहित तीनजनालाई नियन्त्रणमा लिएको छ।

जिल्लाको मिथिला नगरपालिका वडा नम्बर-३ स्थित औरही खोलाबाट ति सवारी साधनसहित उनीहरुलाई नियन्त्रणमा लिइएको हो। औरही खोलामा अवैधरुपले





बालुवा उत्खनन गरिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको अनुगमन टोलीले अन टेस्ट लोडर १ थान र अन टेस्ट टिपर १ थानसहित ३ जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए।

पक्राउ परेका उनीहरुलाई आवश्यक कारवाहीका लागि जिल्ला समन्वय समितिको कार्यालय धनुषामा पठाइएकोमा ५० हजार रूपैयाँ जरिवाना तिराई छाडिएको प्रहरीले जनाएको छ।

# कर्जन्हामा जग्गाधनी प्रमाणपत्र वितरण

**रासस**
**गोलबजार।**
सिरहाको कर्जन्हा नगरपालिकामा नापी कार्यालय मिर्चैयाले जग्गाधनीलाई प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ।

पुस्तौंपुस्तादेखि भोगचलन गर्दैआएकालाई लालपुर्जा वितरण गरिएको हो।

कर्जन्हा नगरपालिका-६, ७ र ८ का एक सय ५० परिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको हो। बाँकीलाई कार्यालयले सम्बन्धित वडामा नै लालपुर्जा उपलब्ध गराउने विषेश नापी कार्यालय मिर्चैयाका १ नं नापी टोलीका प्रमुख आशुतोषकुमार यादवले जानकारी दिए। लालपुर्जाबाट बञ्चित




जग्गाधनीले पुर्जा पाएपछि खुसी व्यक्त गरेका छन्। विशेष नापी कार्यालय मिर्चैयाले २०६३ सालदेखि सिरहामा जग्गाको नापजाँच गर्दै आएको कार्यालय प्रमुख दिलीपकुमार सिंहले बताए।

# अनेकौँ चुनौतीमा सुडानी शरणार्थी



एएफपी
**इजिप्ट।**
युद्धमा आफ्नो लाभ देख्ने सुडानी शासक र विद्रोही समूहको सत्ताको लडाइका कारण इजिप्टमा विस्थापित सुडानी सर्वसाधारणले लामो बाटोमा चर्को गर्मीदेखि सुरक्षा र धेरै अवरोधको सामना गर्नुपरेको छ।
सीमामा पर्खिरहेका सयौं शरणार्थी परिवारमध्ये केहीसँग राहदानी छैन। महिला र बच्चालाई छुट दिइए पनि आफ्नो पति, भाइ वा छोरालाई भिसा नदिएसम्म आफु कतै जान नसकेको बताउने एक महिलाले आफुले इजिप्टको वाणिज्य दूतावासको कृपा पर्खेर दिन बिताइरहेको बताए।
अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम)का अनुसार गत अप्रिल १५ मा दुई प्रतिद्वन्द्वी जनरलका सेनाबीच युद्ध सुरु भएयता एक लाख ३२ हजारभन्दा बढी शरणार्थी इजिप्ट आइपुगेका छन्। सीमावर्ती शहर वादी हल्फास्थित इजिप्टको वाणिज्य दूतावासले आफन्तलाई भिसा दिने पर्खाइमा रहेकी एक महिलाले केही दिनदेखि 'कहिले भुइँमा त कहिले बसमा सुतिरहेको' एएफपीलाई बताए। नाम नबताउने शर्तमा ती महिलाले भनिन्, 'हामी खार्तूममा आफ्नो घरबाट भागेको एक महिनापछि आफ्ना केही काकीसँग सीमा पार गर्‍यौँ, तर मेरो काकालाई भने प्रवेशाज्ञा मिलेको छैन। हामी उनहरूको पर्खाइमा इजिप्टको सीमानामा खुला आकाशमा दिन रात बिताइरहेका छौँ।'
हामी विदेशमा केही गर्न जान्दैनौ। काकाविना हाम्रो अघिको यात्रा असम्भव छ। तर इजिप्टको वाणिज्य दूतावासले उनीहरूलाई प्रवेश आज्ञा दिएको छैन।
दुई हप्ताको प्रतिक्षापछि अन्ततःकायरो पुगेका अरू केही सुडानी नागरिकले वादी हल्फामा फसेका कारण युद्धका समय फाइदा लुट्ने मुनाफाखोरको व्यवहारको शिकार बनेको बताए। उनीहरूले सबै कुराको अत्यधिक मूल्य निर्धारण गरिएको बताए।



आफ्ना अरू साथी वादी हल्फाबाट ६ सय ५० किलोमिटर (४०० माइल) टाढा रेड सीको सुडानी बन्दरगाह शहरमा रहेको उनीहरू बताउँछन्। त्यहाँ पनि उनीहरूलाई राहतको प्रत्याभूति छैन। तर पर्खिनुको विकल्प छैन। युसुफ अल-बशीरले आफू र अन्य सयौँ व्यक्तिले आफ्नो आवेदन पेश गर्न 'पाँच दिनदेखि' पर्खिरहेको बताए। सुडानबाट अन्य देशको सीमा क्षेत्रमा १० लाखभन्दा बढी मानिस आन्तरिकरूपमा विस्थापित भएका छन्। भाग्न नसकेकामध्ये धेरैजना आधारभूत सामग्रीबिना नै आफ्नो घरमा बसिरहेका छन्।
इजिप्टको सीमा पार गरेर आउनेका लागि इजिप्टियाली रेड क्रिसेन्टले बिरामीहरूको हेरचाह गर्नुका साथै पानी र बिस्कुट वितरण गर्छ। सुडानी शरणार्थीलाई शरण दिइरहेका अन्य छिमेकी मुलुकको तुलनामा इजिप्टमा मानवीय कार्य सीमित छन्। कायरोले शरणार्थी शिविर स्थापना गर्न अस्वीकार गरेको छ र यसको सट्टा नयाँ आउनेलाई काम गर्ने र स्वतन्त्ररूपमा हिँडडुल गर्ने अधिकार दिइएको बताएको छ। राष्ट्रपति अब्देल फतह अल-सिसीले आफ्नो देशले 'युद्ध शरणार्थीलाई होइन' तर 'पाहुना'लाई स्वागत गरिरहेको बताउँदै आएका छन्।
इजिप्टको दक्षिणमा प्रवेश गर्ने सुडानीले सीमाबाट करिब २०० किलोमिटर उत्तरमा रहेको सबैभन्दा नजिकको प्रमुख शहर असवानमा लैजान बसको टिकट किन्नुपर्छ। तिनीहरूलाई त्यहाँ स्वयंसेवकले स्वागत गर्छन् जसले तातो खाना खुवाउँछन्। खतरनाक मरुभूमियात्रामा निस्केपछि सुडानी शरणार्थीका लागि तातो खाना पहिलो पटक मिल्ने गरेको उनीहरू बताउँछन्।'हामी दिनमा तीन पटक खाना खुवाउँछौँ। बिहानको खानामा चिकेन, पास्ता र सिमी हुन्छ,' करिब ६० स्वयंसेवकमध्येका एक मन्सुर जोमाले भने। उनले थपे, 'हामी एक दर्जन घरमा खाना पनि पुर्‍याउँछौं। कहिलेकाहीँ एउटा आठ परिवारको समूह एकै ठाउँमा जम्मा हुन्छ। उनीहरूले त्यहीँ खान्छन्।' संयुक्त राष्ट्रसङ्घका अनुसार युद्धअघि ४० लाखभन्दा बढी सुडानी इजिप्टमा बसोबास गर्दै आएका थिए। छिमेकी देशले अरबी भाषा, सांस्कृतिक सम्बन्ध र फारोनिक युगको काल्पनिक इतिहासको महशुस गर्छन्।
वादी हल्फा छोडेर उत्तरतर्फ लागेका शरणार्थी वालिद अहमदले इजिप्ट 'स्पष्ट' गन्तव्य भएको बताए। उनले भने, 'यो हाम्रो दोस्रो देश हो।' इजिप्टस्थित आईओएम मिसनका प्रमुख कार्लोस ऋुजले भने, 'इजिप्ट प्रवेश गर्न पर्खिरहेकाहरूको सङ्ख्या बढ्दो छ।' विशेषगरी मधुमेह र अन्य दीर्घरोगका लागि पानी, खाना, सरसफाइ किट र औषधि उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घीय निकायलाई एक करोड ९९ लाख अमेरिकी डलर आवश्यक पर्ने उनले एएफपीलाई बताए।
'दीर्घकालमा शिक्षा र जीविकोपार्जनलगायत अन्य आवश्यकता पनि हुने र यसका लागी व्यापक मानवीय सहयोगको लागि बजेटको आवश्यकता देखिन्छ,' ऋुजले भने।

# आप्रवासन छ लाखभन्दा बढी



एएफपी
**लण्डन।**
सन् २०२२ मा बेलायतमा आप्रवासन छ लाख छ हजारभन्दा माथि पुगेको सरकारी तथ्याङ्कले देखाएको छ। कोरोनाभाइरस महामारीपछि विश्वभर प्रतिबन्ध हटाउँदा आप्रवासन दरमा उच्च वृद्धि भएको हो। यसले वैदेशिक रोजगारीमा निर्भरता घटाउने प्रतिबद्धता जनाएको सरकारमाथि चर्को दबाब छ।
वृद्धिबारे बेलायतको राष्ट्रिय तथ्याङ्क कार्यालयको अन्तर्राष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले भने, 'कोरोनाभाइरस महामारीपछि प्रतिबन्ध हटाउँदा सन् २०२२ भरि आवागमनको शृत्ला अत्यधिक बढेको यसको प्रभावस्वरूप बेलायतमा अन्तर्राष्ट्रिय आप्रवासनको उच्चस्तरमा वृद्धि भएको देखिएको छ।'
बेलायतमा लामो समयदेखि आप्रवासन एक प्रमुख राजनीतिक मुद्दा रहँदै आएको छ र यो सन् २०१६ मा भएको युरोपेली युनियन (ईयू)बाट बेलायतको बहिर्गमन (ब्रेक्जिट)का लागि भएको जनमत सङ्ग्रहको मुख्य विवादको बिषय भएको छ।
'काम, अध्ययन र मानवीय प्रयोजनका लागि' युरोपेली सङ्घबाहेकका देशबाट बेलायत आउनेको सङ्ख्या नै मुख्य आप्रवासनको उच्चस्तरमा वृद्धिको कारण भएको बेलायतले जनाएको छ। तथ्याङ्कमा रूसको आक्रमणपछि युक्रेनबाट आएका र हङकङबाट आएका समावेश छन्। हङकङबासी बेलायतीलाई मध्यनजर गर्दै बेलायतले बेलायती विदेशी राहदानीधारकका लागि प्रवेश नियमलाई खुकुलो बनाएको थियो।
कन्जर्भेटिभ सरकारले युरोपेली सङ्घबाट बाहिरिने र सदस्य राष्ट्रका मानिसको स्वतन्त्र आवागमन अन्त्य गरेर बेलायतले आफ्नो सीमामाथिको 'नियन्त्रण फिर्ता लिन' सक्ने बारम्बार बताउँदै आएका छन्। सन् २०१८ देखि, बेलायतमा शरणको लागि दावी गर्न सानो डुङ्गामा सफलतापूर्वक च्यानल पार गरी आउने गरेको दावी बेलायतको छ। रेको देखेको छ। गत वर्ष ४५ हजारभन्दा बढी आप्रवासी बेलायत आएका थिए, जसका कारण अवैधरूपमा प्रवेश गरेका आप्रवासीको प्रवाहलाई रोक्न कडा नयाँ उपाय लागू गरिएको थियो।
प्रधानमन्त्री ऋषि सुनकका पूर्ववर्ती बोरिस जोनसनले गत वर्ष रुवान्डासँग शरणार्थीको लागि दावी गरी शरण पाउन असफललाई मध्यअफ्रिकी मुलुकमा स्थानान्तरण गर्ने सम्झौता गरेका थिए। तर यो योजना कानुनी लडाईंमा फसेको छ र अझै सुरु भएको छैन।

# गठबन्धन बनाउने प्रयास असफलपछि आमनिर्वाचनको तयारी



सिन्ह्वा
**एथेन्स।**
ग्रीसमा बुधबार सरकार गठनको प्रयास असफल भएपछि यसै वर्षायाममा दोस्रो आम निर्वाचन हुने भएको छ।सत्तारुढ कन्जरभेटिभ पार्टी न्यू डेमोक्रेसी पार्टीले आइतबार भएको निर्वाचनमा ४०.७९ प्रतिशत मत प्राप्त गरे पनि संसदीय बहुमत प्राप्त गर्न नसकेपछि गठबन्धन सरकार बनाउने प्रयास गरेको थियो।
गठबन्धन सरकार गठनको प्रयास असफल भएपछि ग्रीसका राष्ट्रपति कटेरिना साकेलारो पोलोउले ग्रीसको सर्वोच्च आर्थिक अदालतका अध्यक्ष इओनिस सरमासलाई कामचलाउ सरकारको प्रमुखमा नियुक्त गर्नुभएको छ। उनको नेतृत्वको सरकारले देशलाई निर्वाचनमा लैजानेछ। तीन सय सदस्यीय नयाँ संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका नेतासँगको बैठकपछि यो कदम चालिएको हो।
'स्वीकार गर्नु मेरो संवैधानिक दायित्व हो र नागरिकको रूपमा मेरो कर्तव्य पनि हो,' सरमासले राष्ट्रपतिको कामचलाउ सरकारको प्रमुखका लागि गरेको आग्रहपछि सकारात्मक जवाफ दिँदै भने। ग्रीसको संविधानअनुसार यस्तो अवस्थामा कामचलाउ सरकारको नेतृत्व गर्न एक जना उच्च न्यायाधीश नियुक्त गरिन्छ। नयाँ सरकारले यसै साताको अन्त्यमा शपथ ग्रहण गर्ने अपेक्षा गरिएको छ।
रोचक कुरा के छ भने नवनिर्वाचित सांसदले आइतबार शपथ लिनेछन् र संसद् विघटन हुनेछ। सोमबार नयाँ निर्वाचनको घोषणा हुनेछ।
प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले आगामी जुन २५ मा पुनःनिर्वाचनको आह्वान गरेका छन्। अर्को चुनावमा संशोधित निर्वाचन प्रणाली प्रयोग गरिनेछ, जसले विजयी दललाई ५० अतिरिक्त सिटको बोनस प्रदान गर्नेछ र यसले एक दलीय सरकार गठन गर्न मद्दत गर्नेछ।
राजनीतिक विश्लेषकका अनुसार यो प्रणालीअन्तर्गत सबैभन्दा अगाडि रहेको उम्मेदवारले करिब ३८ प्रतिशत मतका साथ संसद्मा पूर्णबहुमत प्राप्त गर्न सक्छ।

# इसिबी प्रमुखद्वारा मुद्रास्फीति कम गर्ने प्रतिवद्धता



सिन्ह्वा
**फ्रयाक्तफर्ट।**
युरोपेली केन्द्रीय बैंक (इसिबी)का अध्यक्षले युरो क्षेत्रमा बढ्दो मुद्रास्फितिलाई दुई प्रतिशतको लक्ष्यमा झार्ने प्रतिबद्धता व्यक्त गरेका छन्। इसिबीको २५ औँ वार्षिकोत्सवको उपलक्ष्यमा बुधबार फ्रयाङ्कफर्टमा आयोजित एक कार्यक्रममा क्रिस्टिन लेगार्डले भने, 'यो बैङ्कका लागि 'तात्कालिक प्रमुख प्राथमिकता' हो।' आफ्नो भाषणमा लेगार्डले युरोको प्रशंसा गर्दै यसलाई युरोपको 'एकीकरणको इन्जिन'को रूपमा वर्णन गरेका थिए।
सन् १९८० को दशकको उत्तरार्धबाट आएको परिवर्तनको 'तार्किक जवाफ' एकल मुद्रा भएको बताउँदै उनले युरो क्षेत्र ११ बाट २० सदस्यसम्म विस्तार गरिएको बताए। 'युरोले युरोपेलीलाई स्थिरता, सार्वभौमिकता र ऐक्यबद्धता प्रदान गरेको छ।'
इयुमा कर्जा सङ्कट आउँदा र ब्रेक्जिटको समयमा एकल मुद्राको परीक्षण गरिएको भए पनि लेगार्डले भने मानिस अब संस्थालाई नीतिहरूबाट अलग गर्न सक्षम भएका छन्।
'उनीहरूले ईसीबीको नीति मन पराउन वा नपराउन सक्छन्, तर उनीहरू प्रायःयूरो क्षेत्रको भाग हुनु सही छनौट हो कि होइन भनेर प्रश्न गर्दैनन्,' उनले भने।

# ६० लाख प्राकृतिक ग्यासबाट वञ्चित



एएफपी
**कोलम्बिया।**
दक्षिणपश्चिम कोलम्बियामा बुधबारसम्म ६० लाख मानिस प्राकृतिक ग्यासको पहुँचबाट वञ्चित भएका छन्।
मध्याह्नदेखि नै काका र भाले डेल काउकाको पश्चिमी क्षेत्रमा "प्राकृतिक ग्यास सेवामा पूर्ण प्रतिबन्ध' लगाइएको 'युटिलिटी ग्यासेस डे ओक्सिडेन्ट'ले जनाएको छ।
खानी मन्त्रालयका अनुसार यो सङ्कटले देशको मध्य र दक्षिणपश्चिममा रहेका अन्य पाँच क्षेत्रलाईलाई पनि प्रभावित गरेको छ।
पाइपलाइन कम्पनी 'ट्रान्सपोर्टाडोरा डे ग्याँस इन्टरनेसनल'का अनुसार, ज्वालामुखी नजिकैको क्षेत्रमा लागेको 'भूमिगत आगलागी'का कारण ग्यास पाइपलाइन बन्द गर्नुपरेको र सेवालाई पुनःसञ्चालनमा ल्याउन कम्तीमा एक हप्ता लाग्न सक्नेछ।
कोलम्बियाका पाँच करोड जनसङ्ख्यामध्ये दुई तिहाइ खाना पकाउने र अन्य प्रयोगका लागि इन्धनमा निर्भर छन्। कोलम्बियाको तेस्रो ठूलो शहर कालीका मेयर जर्ज इभान ओस्पिनाले यसबाट १३ लाखभन्दा बढी प्रयोगकर्ता प्रभावित भएको बताए।
सामाजिक सञ्जालमा शेयर गरिएका तस्वीरअनुसार केही बासिन्दाले ग्यासको विकल्पमा दाउरामा खाना पकाउन थालेका छन्। ग्यासको अर्को विकल्पका लागि हजारौँ मानिसले विद्युतीय चुल्हो छानेका र किन्नका लागि लामो लाइनमा बसेको देख्न सकिन्छ। यसबाहेक, धेरैजसो ग्याँस-सञ्चालित सार्वजनिक यातायातले सेवा प्रवाहलाई रोकेका छन्।

# क्यानडा र साउदी अरबबीच पुनःकूटनीतिक सम्बन्ध

*दुवै देशले नयाँ राजदूत नियुक्त गर्ने निर्णय गरेको देशको कूटनीतिक तथा कन्सुलर सम्बन्धको व्यवस्थापन गर्ने ग्लोबल अफेयर्स क्यानाडाले बुधबार एक विज्ञप्ति जारी गरी जनाएको छ।*



सिन्ह्वा
**ओटावा।**
क्यानडा र साउदी अरबले कूटनीतिक सम्बन्ध पुनःस्थापना गरेका छन्।
दुवै देशले नयाँ राजदूत नियुक्त गर्ने निर्णय गरेको देशको कूटनीतिक तथा कन्सुलर सम्बन्धको व्यवस्थापन गर्ने ग्लोबल अफेयर्स क्यानाडाले बुधबार एक विज्ञप्ति जारी गरी जनाएको छ। क्यानाडाले साउदी अरबका लागि नयाँ राजदूतका रूपमा ज्याँ फिलिप लिन्टोलाई नियुक्त गरेको क्यानाडाको विदेश मन्त्रालयद्वारा बिहीबार जारी एक विज्ञप्तिमा जानकारी गराइएको छ।
'यो कदम पारस्परिक सम्मान र साझा हितमा आधारित छ। साउदी अरबको विदेश मन्त्रालयले पनि बुधबार यस्तै घोषणा गरेको छ।
सन् २०१८ मा साउदी अरबले कूटनीतिक विवादपछि क्यानाडाका राजदूतलाई देश निकाला गरेपछि दुई देशबीचको विवाद बढेको थियो।

# हैजाले १७ जनाको मृत्यु



सिन्ह्वा
**जोहानेसबर्ग।**
दक्षिण अफ्रिकाको प्रशासनिक राजधानी प्रिटोरियाको उत्तरी भागमा रहेको ह्यामन्सक्रालमा हालै फैलिएको हैजाबाट १७ जनाको मृत्यु भएको गौतेङ प्रान्तको स्वास्थ्य विभागले जनाएको छ।
हालसम्म हैजाको प्रयोगशालामा पुष्टि भएका बिरामीको सङ्ख्या २९ पुगेको छ भने १७ जनाले ज्यान गुमाएका विभागले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ। हालै हम्मास्क्रालमा हैजाको प्रकोप देखिएपछि एक सय ६५ जनाको उपचार गरिएको छ।
गत फेब्रुवरीको प्रारम्भमा दक्षिण अफ्रिकामा हैजाका दुई 'केस' अभिलेख भएको थियोभने सोही महिनाको अन्त्यमा एक जनाले ज्यान गुमाएपछि देशकाम विभिन्न भागमा झाडा तथा वाकवाकी लाग्ने, पेट दुख्ने र डिहाइड्रेसनका समस्याबाट मानिस पीडित भएका थिए।
सरकारले यस्ता लक्षण देखिने बित्तिकै नजिकैको स्वास्थ्य संस्थामा गएर उपचार गराउन आग्रह गरेको थियो। विभागले अहिले पनि त्यस्ता लक्षण देखिए तत्काल स्वास्थ्य परीक्षण गराउन, नियमितरुपमा औषधि सेवन गर्न सर्वसाधारणलाई आह्वान गरेको छ।



# वीरगंज महानगरको ३६५ दिन



- भिड हुने स्थानमा एसी जडान, खानेपानी र बस्ने बेन्चको प्रबन्धसहित पालो सहजताका लागि डिजिटल टोकन सुरुवात गरिएको छ।
- हस्ते हाजिरीको सट्टा इहाजिरीको व्यवस्था, काम गरे नगरेको जाँच गर्न प्रत्येक शाखामा सिसिटिभी जडान गरी नगर प्रमुखको कार्यकक्षमा स्क्रिन जडानसमेत गरिएको छ।
- कुनै समस्या परे तत्कालै शाखा प्रमुखसँग कुरा गर्न मिल्ने गरी इन्टरकम जडान गरिएको छ। एक वडा एक सचिवको व्यवस्थापन गरिएको छ।
- १७ देखि ३२ नम्बर वडाका औद्योगिक कलकारखाना र आवासीय घरलाई चालु आवको अन्त्यसम्म नक्सा पासमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ।
- चौपाया छाडा छाड्ने र अस्पतालजन्य फोहोर जथाभावी फाल्नेलाई दण्ड-जरिवाना र त्यसपछि पनि अटेर गर्नेलाई महानगरकै सेवासुविधामा रोक लगाइएको छ।

स्थानीय तहको निर्वाचन २०७९ मा निर्वाचित भएर जेठको १२ गते शपथ ग्रहण गरेदेखि कुनै पनि दिन फुर्सदमा बिताएका छैनौं। अनिवार्य, आकस्मिक तथा चाडपर्व बिदाका दिनमा समेत महानगरले काम गरिराखेका छ। महानगरको नेतृत्व सम्हाल्दै गर्दा महानगरको सबै शाखा महाशाखामा रहेको बेथिति, कमीकमजोरी अन्त्य गर्दै छिटोछरितो र सहज सेवा प्रदान गर्ने प्रणाली विकास गर्दै शून्यबाट सबै कामको सुरुवात गर्नु परेको छ। २० वर्ष कर्मचारीले चलाएको स्थानीय सरकार बीचमा जनप्रतिनिधिले एक कार्यकाल सञ्चालन गरिसक्दा पनि कर्मचारीले चलाएर छाडेको रुपमा नै पाएका थियौं। महानगर जस्तो संस्थाका लागि अति सामान्य लाग्ने कामबाट आफ्नो कार्यकाल सुरुवात गर्नुपरेको थियो। सुरुबाटै भन्दै आएका थियौं, हाम्रो प्राथमिकता जनताको दैनिकीसँग जोडिएको समस्या समाधान गर्नु हो। त्यसै अनुसारको सुरुवात र निरन्तरता पनि दिँदै आएका छौं।

महानगरबाट प्राप्त सेवामा अनिवार्य शुल्कबाहेक अन्य बहानामा दिइने दुखःलाई पूर्णरुपमा रोक लगाइएको छ। कर्मचारीले दुःख दिए सिधै नगर प्रमुखसँग कुरा गर्न सकिने छ। सोही व्यहोरा लेखिएको सूचना सबै शाखामा टाँस गरिएको छ। कर्मचारीसरह सेवाग्राहीलाई समान वातावरण र व्यवहारको अनुभूति दिलाउन बढी भिड हुने स्थानमा एसी जडान, खानेपानी र बस्ने बेन्चको प्रबन्धसहित पालो सहजताका लागि डिजिटल टोकन सुरुवात गरिएको छ। कर्मचारीलाई जिम्मेवार बनाउन हस्ते हाजिरीको सट्टा इहाजिरीको व्यवस्था, सेवाग्राहीको अवस्था र कर्मचारीको गतिविधि बुझ्न, काम गरे नगरेको जाँच गर्न प्रत्येक शाखामा सिसिटिभी जडान गरी नगर प्रमुखको कार्यकक्षमा स्क्रिन जडानसमेत गरिएको छ। कुनै समस्या परे तत्कालै शाखा प्रमुखसँग कुरा गर्न मिल्ने गरी इन्टरकम जडान गरिएको छ।

वडा कार्यालयमा एक सचिवले एक भन्दा बढी वडा हेर्नुपर्ने बाध्यता अन्त्य गर्दै एक वडा एक सचिवको व्यवस्थापन गरिएको छ। वडाको सेवालाई डिजिटलाइजेसन गर्न प्रत्येक वडामा कम्प्युटर अपरेटरको व्यवस्था गरिएको छ। एकीकृत सम्पत्ति कर र भूमिकर वडाबाटै तिर्न सकिने, १७ देखि ३२ नम्बर वडाका औद्योगिक कलकारखाना र आवासीय घरलाई चालु आवको अन्त्यसम्म नक्सा पासमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। सरसफाइलाई व्यवस्थित गर्न जनचेतनाका कार्यक्रम, अव्यवस्थितरुपमा राखिएका निर्माण सामग्री राख्ने, चौपाया छाडा छाड्ने र अस्पतालजन्य फोहोर जथाभावी फाल्नेलाई दण्ड-जरिवाना र त्यसपछि पनि अटेर गर्नेलाई महानगरकै सेवासुविधामा रोक लगाइएको छ। फोहोर व्यवस्थापन र नाला सफाइकै लागि प्रत्येक वडामा ५ जनाका दरले नयाँ दरबन्दी थपिएको छ। उपकरण व्यवस्थापन गरी ट्याक्टर खरिद प्रकृया अगाडि बढेको छ।

२० औं वर्षदेखि सफाइ हुन नसकेका ठूला नालाको सफाइ गर्नुका साथै नालामाथिको अतिक्रमण भत्काउने क्रम जारी छ। वर्षौंदेखि बिग्रिएको घण्टाघरको सडक निर्माण गरिएको छ भने मुख्य सडकमा पानी जम्ने समस्यालाई समाधान गर्न पावरहाउस चोकदेखि घण्टाघरसम्म ११ स्थानमा चेम्बर निर्माण गरी निकासको व्यवस्था मिलाइएको छ। मुद्दाको कारण लामो समयदेखि अल्झेको भन्सारको सडक मुद्दा फुकाउन पहल गरेर भन्सार क्षेत्रमा रहेका ठूल्ठूला खाल्डा भएको अव्यवस्थित सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ। त्यस्तै, गण्डक चोकमा रहेको अव्यवस्थित सडकलाई पनि कालोपत्रे गरिएको छ भने पावरहाउस चोकको सडकलाई भाटभटेनीसँग पहल गरेर कालोपत्रे गर्ने काम गरिएको छ।

सिर्सिया नदी प्रदूषण गर्ने ५ उद्योगलाई ३ लाख रुपैयाँका दरले १५ लाख रुपैयाँ जरिवाना गरिएको छ। नदीमा छाइँ मिसाउने ट्याक्टरलाई कारबाही, सार्वजनिक जग्गाको माटो उत्खनन् गरेर बेच्नेलाई जरिवानालगायतको काम अगाडि बढाइएको र निरन्तर अनुगमन चलिरहेको छ। सिर्सिया नदीमा सेफ्टी ट्यांकी फोहोर फाल्ने वीरगंजको चारतारे होटल लईस दियालोलाई ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। सडकमा जथाभावी फोहोर गर्ने सीता अस्पताललाई ५० हजार रुपैयाँ जरिवाना गरिएको छ। फोहोर व्यवस्थापनका लागि 'सफा नेपाल' एप लञ्च गरी प्रयोगमा ल्याइएको छ। ३० युनिटसम्मको विद्युत् खपतमा घरेलु मिटरमा महानगरवासीलाई छुट दिने योजनाअन्तर्गत माघमा ३ हजार ७ सय ६२ घरपरिवार र फागुनमा ५ हजार ३ सय ११ घरपरिवारले लाभ लिएका छन् भने कृषि मिटरतर्फ माघमा २५ किसान र फागुनमा यो संख्या बढेर ३९ किसानको कृषि मिटरको सम्पूर्ण महसुल वीरगंज महानगरले भुक्तानी गरेको छ र यो क्रम निरन्तर चलिरहनेछ।

वीरगंजलाई मैत्री सहरका रुपमा विकास गर्ने नीति तथा कार्यक्रमअनुसार सवारी व्यवस्थापन कर खारेज गरिएको छ। त्यसका साथै महानगरका सम्पूर्ण करको पुनरावलोकन गर्दै कर घटाइएको छ। किसानलाई मलको समस्या समाधान गर्न कृषि सामग्री कम्पनीविरुद्ध संघर्ष गरिएको छ। २ हजार ७ सय ७१ बोरा मात्रै वीरगंज महानगरको लागि कोटा छुट्याइएकामा थप १४ हजार बोरा रासायनिक मलको व्यवस्थापन गरी वडामार्फत वितरण गरिएको छ। उन्नत जातका बिउबिजनमा अनुदान र खासगरी गहुँखेतीका लागि यसअघि ३१ टन भन्दा कम वितरण हुँदै आएकामा हामीले किसानको सहजताको लागि १ हजार ८० टन वितरण गर्ने योजना बनेपनि बिउ अभावका बीच ९० टन वितरण गरिएको छ।

धार्मिक तथा पर्यटकीय स्थलको सौन्दर्यकरण अन्तर्गत गहवामाई मन्दिरको सौन्दर्यकरण गरिएको छ। मन्दिर परिसरमा हुने भीडभाड अन्त्य गर्न सवारी प्रवेशमा रोक लगाइएको छ। घण्टाघर, शंकराचार्य गेटको रंगरोगन गरिएको छ। गहवामाई, घण्टाघर, शंकराचार्य, सहिद तेजबहादुर अमात्यको शालिकलगायतका स्थानमा आधुनिक लाइटिङ र फाउन्टेन जडान प्रक्रिया अगाडि बढेको छ भने चिल्ड्रेन पार्क र परवानीपुरमा रहेको इको पार्कलाई थप व्यवस्थित गर्ने काम पनि भएको छ। सहरलाई हरियाली बनाउन बाइपास, घण्टाघर, मित्ततरी पुल प्रवेशद्वार, ड्राइपोर्टलगायतको स्थानमा ५ हजार भन्दा बढी वृक्षारोपण गरिएको छ। घण्टाघरदेखि पावरहाउसबीचको डिभाइडरलाई व्यवस्थित गरी त्यसमा तीन तह हुने गरी वृक्ष तथा फूल रोप्ने काम चलिरहेको छ भने वृक्षमा चुना पेन्ट गर्ने काम भएको छ।

संस्थागत विद्यालयमा देखिने अभिभावकको गुनासो सम्बोधन गर्न, विधि र प्रक्रियामा ल्याउन संस्थागत विद्यालयलाई ग्रेडिङ गरेर शुल्क निर्धारण गरिएको छ। युवाका लागि निःशुल्क लोक सेवा तथा शिक्षक सेवा कक्षा सञ्चालन गरिएको छ। यसै आवदेखि लागु हुनेगरी वीरगंजका चार वटा सामुदायिक विद्यालयलाई पूर्णरुपमा अंग्रेजी माध्यमबाट पढाउन सुरु गरिनेछ। त्यसको लागि शिक्षक र अन्य आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने कार्य सम्पन्न भइसकेको छ। सामुदायिक विद्यालयको अनुगमनमा कडाइ गरिएको छ। संघ र प्रदेशको बजेटमार्फत ठेक्का लागेर अलपत्र परेका सिर्सिया खोला पुल, हरपतगञ्ज अपौनी सडक, नगवामा नाला निर्माणलगायतको काम सुचारु गरिएको छ।

बिजुलीका पोलमा जथाभावी गुजुल्टिएका तार व्यवस्थापनको काम निरन्तर चलिरहेको छ। नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा दिन १७ देखि ३२ वडासम्म मेयर घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ। हालसम्म १० हजार बढीलाई निःशुल्क परामर्श सेवा, प्याथोलोजी र औषधी वितरण गरिएको छ। सोही कार्यक्रमको निरन्तरता स्वरुप अब उप्रान्त स्थानीय स्वास्थ्य चौकीमै रहने गरी मेडिकल अधिकृत, नर्स, अनमीलगायत विभिन्न पदमा नियुक्तिको लागि पदपूर्तिसम्बन्धी सूचना निकालिएको छ। महानगरमा अनुमतिविना सञ्चालित र म्याद गुज्रेका केमिकल प्रयोग गर्ने ४ वटा प्रयोगशालामा शिलबन्दीसमेत गरिएको छ।

उज्यालो वीरगंज कार्यक्रममा महानगरपालिकाले नेतृत्व लिँदै गर्दा बिग्रिएका ७० प्रतिशत भन्दा बढी बत्तीको मर्मत सम्भार र नयाँ जडानको कामसमेत सम्पन्न गरेर अहिले प्राविधिक समस्या आउनेबाहेक ९५ प्रतिशत भन्दा बढी बत्ती बालेर वीरगंजलाई उज्यालो बनाइएको छ। बसपार्कको पुनः निर्माणको काम अन्तिम चरणमा पुगेको छ। छत चुहिने समस्या समाधान, शौचालयको व्यवस्थापन, नयाँ काउन्टर स्थापनालगायतको आवश्यक काम भएका छन्। घण्टाघर अगाडिको ट्राफिक समस्या समाधान गर्न सिटी राइड र म्याजिक बसपार्कमा पठाउने काम अगाडि बढेको छ। त्यसका साथै ईरिक्सा महानगरमा दर्ता गर्नुका साथै रुट निर्धारणको काम अगाडि बढाइएको छ। हजारी मल धर्मशालाको जग्गा महानगरपालिकाको मातहतमा ल्याई आदर्शनगर क्षेत्रको पार्किङ व्यवस्थापन गर्ने काम गरिएको छ। त्यस्तै, घण्टाघर टाँगा स्ट्याण्डदेखि मिनाबजार हुँदै गहवामाई मन्दिरसम्म पुग्ने बाटोको अव्यवस्थित तरकारी बजार र ठेलालाई गीता मन्दिर अगाडिको खाली जग्गा व्यवस्थित गरेर सारिएको छ।

अतिक्रमणमा परेको माइराम पोखरीमा डोजर चलाएर खाली गर्ने काम पनि निरन्तर चलिरहेको छ। वीरगंज-१० घडिअर्वा दक्षिण गेटअगाडि रहेको राम जानकी मन्दिरलाई भूमाफियाले बन्धक बनाउँदै आएकामा डोजर लगाएर खाली गराइएको छ। वीरगंज महानगरपालिकाको नगर विकास समिति अन्तर्गत वीरगंज-८, प्रभु अस्पताल नजिक पर्ने १० धुर जग्गा २०७२ सालमै सर्वोच्च अदालतबाट नगर विकासको पक्षमा फैसला भए पनि भूमाफियाले कब्जा गरिराखेको अवस्थामा डोजर चलाई जग्गा खाली गराएर महानगरको मातहतमा ल्याइएको छ। वीरगंज महानगरपालिका-१७ र १९ को सीमाक्षेत्रमा अतिक्रमणमा परेको करिब १६ बिघा जग्गा महानगरको मातहतमा ल्याइएको छ।

त्यस्तै, ड्राइपोर्ट अगाडि हुलाकी सडकमा डुम समुदायले कब्जा गरेर बसेको १० कठ्ठा सार्वजनिक जग्गा महानगरको मातहतमा ल्याइएको छ। हुलाकी सडकमै पर्ने सिर्सिया पुल नजिक मनखिया माईको नाममा रहेको र अतिक्रमणको चपेटामा परेको साढे २ कठ्ठा जग्गा महानगरको मातहतमा ल्याइएको छ। गुठी संस्थान वीरगंजको नाममा रहेको ७२ बिघा जग्गा छुट्याएको छ। महानगरका विभिन्न स्थानमा रहेका सार्वजनिक जग्गा, पोखरीलगायत सम्पत्तिको प्रमाण संकलन तथा मुद्दा दर्ता प्रक्रिया अगाडि बढेको छ।

यसअघि विभिन्न चलखेलका कारण महानगरलाई हराइएको मुद्दामा समेत निर्णायक ढंगले अगाडि बढाइएको छ। दुई तहबाट जितिसकेको छपकैया पोखरी, जिल्ला अदालतबाट जितिसकेको जिपी कोइराला फाउन्डेसनको जग्गा, गीतामन्दिर अगाडिको रामजानकी मठको जग्गालगायतका जग्गा सार्वजनिक कायम गर्न पुनः मुद्दा दिइएको छ।

विन्दवासिनी माई, लक्ष्मणवा पार्क, नृसिंह मन्दिर र भुटनदेवी मन्दिरको सौन्दर्यकरण र व्यवस्थित विकासका लागि डिपिआर निर्माण गरी टेण्डर प्रक्रियामा अगाडि बढाइएको छ। महानगरमा सम्भावित चोरी तथा आपराधिक घटना नियन्त्रण गर्न थप सिसिटिभी जडान तथा जिल्ला प्रहरी कार्यालय हाताभित्र व्यवस्थित कन्ट्रोल रुम निर्माणका लागि टेण्डरको प्रक्रिया पनि अगाडि बढाइएको छ।

महानगर क्षेत्रमा रहेको भुस्याहा कुकुरको संख्या वृद्धि हुन नदिन र अग्रेसिभ हुन नदिन बन्ध्याकरण कार्यक्रम पनि सञ्चालन गरिएको छ। दमकल र एम्बुलेन्स सेवा वीरगंज महानगर कार्यालयबाट सञ्चालित हुँदा ग्रामीण वडामा आगलागी वा भवितब्य पर्दा जाँदाजाँदै धेरै क्षति भइसक्ने हुनाले वडा नम्बर ३१ शोलकपुरमै स्टेसन रहने गरी दमकल र एम्बुलेन्स राख्ने घर निर्माणाधीन अवस्थामा छ।

नेपाललाई क्रिकेटको विश्वकप क्वालिफायर राउण्डमा पुऱ्याउन सफल खेलाडीद्वय आरिफ शेष र आसिफ शेषलाई एक-एक थान मोटरसाइकल प्रदान त्यस्तै कबड्डीमा राम्रो खेल्ने दुईजना खेलाडीलाई महानगर प्रमुखले व्यक्तिगत रुपमा २१-२१ हजार प्रदान गरेका छन्।

महानगरको सहयोगमा प्रदेशस्तरीय दृष्टिविहीन क्रिकेट प्रतियोगितालगायत अन्य थुप्रै फुटबल तथा क्रिकेट प्रतियोगिता आयोजना गरिएको छ। धार्मिक पर्यटनलाई बढावा दिन पिपरामा रहेको पशुपतिनाथको मन्दिरलाई सौन्दर्यकरण गर्नुका साथै जानकी मन्दिरको मूल पुजारी र बाबाधामका मूल पुजारीको उपस्थितिमा महाआरतीको आयोजनासमेत गरिएको छ। साविकको वीरगंज उपमहानगरपालिकामा जोडिएका नयाँ ग्रामीण क्षेत्र तथा सहरी क्षेत्रसमेत व्यवस्थित तथा योजनावद्ध विकासका लागि मेट्रोपोलिटन ट्रान्सपोर्टेसन मास्टर प्लान (एमटिएमपी) निर्माण प्रक्रियामा रहेको छ। विकास र समृद्धिको मुद्दामा दुई महिनामा राजनीतिक दलहरुसँग बसेर भइराखेका काम सुनाउनुका साथै भावी योजना र रणनीतिको विषयमा परामर्शसमेत गरिएको छ।

# मैले आफैँलाई नम्बर दिन्नँ जनताले दिउन्



राजेशमान सिंह
प्रमुख, वीरगंज महानगरपालिका

राजेशमान सिंह। मधेश प्रदेशको एक मात्र महानगरपालिका वीरगंजका नगर प्रमुख। २०७९ वैशाख १२ गतेदेखि सिंहले वीरगंज महानगरपालिकाको कमाण्ड सम्हालेका हुन्। बिहानैदेखि औपचारिक कार्यक्रममा सहभागी हुनु नै छ। भेटघाट, सरसल्लाह, सचिवालयसहित परिचालन। उसैगरी महानगरमा बसेर जनतासँग पनि घनिभूत हुने गरी अन्तरक्रियामा सहभागी हुनै पऱ्यो। उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरुसँग समन्वयमा काम पनि गर्नु पऱ्यो। राति पौने १ बजेसम्म सक्रिय। बिहान उठेर हतारमा फेरि जनता माझ पुग्ने दैनिकी। सचिवालयका सदस्यहरुलाई पनि मेयरको गतिमा धपेडी हुने गरी भ्याइनभ्याइ। कतै भत्काउने, कतै बनाउने, कतै चम्काउने, कतै टल्काउने। फरक वीरगंजको अनुभूतिसँगै अब परिस्कृत वीरगंज बनाउने अभियानमा ३ सय ६५ औं दिन अर्थात् बिहिबार साँझ थोरै समय दिए मधेशदृष्टिलाई। केही फलफूलका टुक्रा चबाउँदै, एक गिलास पानी पिउँदै भने, 'अरु विकास, शिक्षा, पूर्वाधार, उद्योगका काम त छदैँछन्, अब वीरगंजलाई धार्मिक पर्यटकीय सहर बनाउने सपना देखिरहेको छु।' उनीसँगको कुराकानीः

**एक वर्षे कार्यकाललाई कसरी लिनु हुन्छ ?**

अहिलेको १ वर्षलाई सुरुवात मानेको छु। जति काम गरेको छु, त्यसमा व्यक्तिगत रुपमा म आफैँ सन्तुष्ट छैन। खास गरेर मलाई ठूलो चुनौती भनेको बजेटकै छ। ६ वटा महानगरपालिकामा सबैभन्दा तल हामी छौँ। यो आवको ३ सय ३१ करोड रुपैयाँ र अब आउने बजेटमा २० प्रतिशत कटेर आएपछि आफैँ अनुमान लगाउन सक्नुहुन्छ कि काम कसरी गर्ने हो। जुन हिसाबले हाम्रो टिमवर्क अगाडि बढिरहेको छ, विश्वस्त छु, केही न केही निकास निस्किन्छ। र, आउने आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य र सडक सुधारमा बढी केन्द्रित हुनेछु।

**बजेटको कुरासँगै सिर्सिया नदी प्रदूषणमुक्त बनाउन उद्योगहरुमा वेस्ट वाटर ट्रिटमेन्ट प्लान्ट लगाउने कुरा उठेको छ नि ?**

यसमा केही उद्योगीको अलि बदमासी देखिएको छ। उद्योग मन्त्रालयबाट उद्योग सञ्चालन गर्न अनुमति लिँदा त्यसमा स्पष्ट लेखिएको हुन्छ। नदीमा प्रदूषण गर्न पाइँदैन, ट्रिटमेन्ट प्लान्ट लगाउनुपर्छ, तर त्यति हुँदा पनि एकाध उद्योगबाहेक अन्य कसैले त्यो निर्देशन पालना गरेको देखिँदैन। छठ पर्वमा सफा हुनसक्ने सिर्सिया नदी अरु बेला किन सफा हुन सक्दैन ? यसमा उद्योगीहरुको बदमासी देखिएकै छ। हामी सम्पूर्ण वीरगंज उद्योग वाणिज्य संघदेखि लिएर सम्बन्धित निकायले राम्रोसँग इमानदारितापूर्वक भूमिका निर्वाह गरियो भने अवश्य सिर्सिया नदी सफा हुनेछ।

**आधारभूत विकासबाहेक अन्य मोडलका विकासका योजना के छन् ?**

म वीरगंजलाई धार्मिक पर्यटकीय सहरका रुपमा विस्तार गर्न चाहन्छु। खासगरी व्यावसायिक पर्यटन त छदैँछ यहाँ तर यसलाई धार्मिक पर्यटनका रुपमा विकास गर्न चाहन्छु। मधेश प्रदेशको राजधानी जनकपुरमा भन्दा बढी मठमन्दिर वीरगंजमा छन्, तर प्रचारप्रसार अभावमा ती स्थलहरु ओझेलमा परेका छन्। यो आर्थिक वर्षमा त्यस्ता केही काम गर्न गइरहेका छौँ, जसले वीरगंजले धार्मिक पर्यटनको रुपमा आफ्नो छुट्टै पहिचान कायम गर्न सक्छ। यहाँ १ सय ४० वर्ष पुरानो नर्सिङ्ग भगवानको मन्दिर छ, यहाँ पशुपतिनाथको मन्दिर छ, शक्तिपीठमा ७ दिदीबहिनीहरुको स्थान छ। विर्तामाई, गहवामाई, विन्दवासिनी माई, भिस्वा माई, भुट्नदेवी माईलगायतका सात दिदीबहिनीको मन्दिर छ। यी सबैको प्रचारप्रसार हुन सकेको छैन। यहाँ भिस्वा बौद्ध बिहार पनि छ, त्यसमा वीरगंज महानगरपालिका र मधेश प्रदेश सरकारको समन्वयमा काम अगाडि बढिसकेको छ। यसबाहेक वीरगंजमा अझै विभिन्न मन्दिर छन्, जसलाई हामीले जनमानसमा पस्किने तयारी गरेका छौँ।

**शिक्षा सुधारका नाममा महानगर पूर्वाग्रही भयो कि शिक्षकहरुको राजनीति बढी भयो ?**

त्यो आफैँ मूल्यांकन गर्नुस्, कुनै पनि शिक्षक एउटै स्कुलमा ५ वर्षदेखि छन्, कुनै स्कुल राम्रो गर्दैमा तिनलाई त्यही स्कुल दश-बीस वर्षका लागि दिने त ? हाम्रो मान्यता के छ भने जुन प्रधानाध्यापकले स्कुललाई सुधार गरे, उनले बिग्रेका अन्य स्कुललाई पनि सुधार गर्नुपऱ्यो। व्यवस्थापनमा सुधार गर्नुपऱ्यो। दुई वर्ष कुनै पनि स्कुलमा पुगिसकेका प्रधानाध्यापकलाई सरुवाको सुरुवात गरेका छौँ, यो प्रक्रिया रोकिँदैन। त्यसपछि शिक्षकहरुको पनि दरबन्दी मिलान गरिन्छ। वीरगंज महानगर क्षेत्रमा ९० वटा सामुदायिक विद्यालय छन्, ती सबै विद्यालयका शिक्षकको दरबन्दी मिलान हुन्छ।

**प्राविधिक शिक्षा नभएर भारतीय मूलकाले बढी रोजगारी पाइरहेका छन्, स्थानीयलाई रोजगारी दिन प्राविधिक शिक्षाका लागि पोलिटेक्निक इन्स्टिच्युटहरु खोल्ने विषय उठेका छन् नि ?**

सामुदायिक विद्यालयमा पोलिटेक्निकको पढाइ नर्सिङ्ग विद्यालयमा भइरहेको छ, ओभरसियरको पढाइ त्रिजुद्ध विद्यालयमा भइरहेको छ, सिटिभिटी र कृषिको पढाइ शारदा माध्यमिक विद्यालयमा भइरहेको छ। तर मैले बुझ्न नसकेको कुरा, बाहिर हुने पढाइ यही हुँदा विद्यार्थीको संख्या न्युन किन भएको हो ? यसमा हामी कहीँ न कहीँ चुकेका छौँ। यो चुनौती चिरेर अगाडि बढ्दै स्किल डेभलप्मेन्टको विषयमा हामीले अलग्गै कक्षा सञ्चालन गर्ने योजनामा छौँ। वीरगंज महानगरपालिकाभित्र रहेका उद्योगी व्यापारीसँग समन्वय गरी कस्ता स्किलका व्यक्ति चाहिन्छ, त्यो प्रकारको स्किल डेभलप्मेन्ट गरी उहाँहरुकै उद्योगमा पढाइ र प्रयोगात्मक अभ्याससहित जागिर दिने योजनासहित महानगरपालिका अगाडि बढिरहेको छ।

**रात्रीबजार र औद्योगिक क्षेत्रलाई जग्गा दिने विषय कहाँसम्म पुग्यो ?**

रात्रीबजारलाई स्थान दिनुभन्दा खुला आकाशमुनि लगाइने बजार हो। यसका लागि घण्टाघरदेखि आदर्शनगरसम्म छानेका छौँ। रात्रीबजार खुला आकाशमुनि लगाउनु पर्ने हो। यसमा सम्पूर्ण वर्गका व्यक्तिको सहभागिता एवम् पहुँच होस् भन्ने मेरो चाहना छ। यसका लागि खुला आकाशमुनि नै बजार लगाउनुपर्ने मान्यताका साथ हामी अगाडि बढिरहेका छौँ।

औद्योगिक क्षेत्रका लागि जग्गा उपलब्ध गराउने विषयमा उद्योगी व्यापारीसँग निरन्तर कुराकानी भइरहेको छ, हामीले भनेका छौँ, 'तपाईहरु लगानी गर्नुस्, लगानीकर्ता ल्याउनुस्, तत्कालका लागि महानगरपालिकाले एकसय बिघा जग्गा उपलब्ध गराउँछ, अब उहाँहरुमाथि नै भर पर्छ, कि कति लगानीकर्ता ल्याउन सक्नुहुन्छ ?'

**एक वर्षको अवधिमा जनप्रतिनिधि एवम् कर्मचारीसँग समन्वय कस्तो रह्यो ?**

सबैको साथ र सहयोगले नै हामी अगाडि बढिरहेका छौँ। एउटा टिमविना केही काम गर्न सकिँदैन। हामी सबै मिली टिमवर्कमा काम गरिरहेका छौँ र त्यसको नतिजा नै हो कि एक वर्षमा हामीले वीरगंजमा यति काम गर्न सकेका छौँ।

**अबको एक वर्षपछिको वीरगंज कस्तो होला ?**

त्यो बेला तपाईं नै अनुगमन गर्नुहोला। मैले एक वर्षमा गरेको काम र आउने एक वर्षको काम यो भन्दा बढी नै परिवर्तन हुनेमा म विश्वस्त छु, हेरौँ, समयले कति साथ दिन्छ।

**आफूले आफैँलाई नम्बर दिनुपर्दा कति नम्बर दिनुहुन्छ ?**

नम्बर दिने मेरो काम होइन, म परीक्षार्थी हुँ, मलाई वीरगंजबासीले नम्बर दिनुहुन्छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन